# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेशन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४२३७३५७७/९७९१८१५४०००/
९८४११५११७०/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० | अंक २१८ | काठमाडौं | शुक्रबार, २२ मंसिर २०८० | Prabhab National Daily | Friday, December 8, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५/-


# राष्ट्रिय सभामा लगातार शक्ति गुमाउँदै एमाले

- ५९ सदस्यीय राष्ट्रिय सभामा कुनै बेला ३० सदस्यसहित बहुमतमा रहेको एमालेको विस्तारै शक्ति क्षय हुँदै
- अहिलेको राजनीतिक समिकरणका कारण फागुन २० गते रिक्त हुने २० सिटमध्ये १९ जनाका लागि माघ ११ गते हुने चुनावबाट भने एमाले पहिलोबाट तेस्रो दल बन्ने निश्चित
- ७ वटै प्रदेशका ५५० सदस्य र ७५३ स्थानीय तहका प्रमुख/उपप्रमुख तथा अध्यक्ष/उपाध्यक्षको मतभारमा एमालेको मतभार १७ हजार २६ छ भने गठबन्धनको मतभार ३५ हजार ६३३

**राष्ट्रिय सभामा अबको उपस्थिति कस्तो ?**

| दल | अहिले | फागुन २० पछि |
|---|---|---|
| नेकपा एमाले | १८ | ९ |
| माओवादी केन्द्र | १५ | १६ |
| नेपाली कांग्रेस | १० | १८ |
| एकीकृत समाजवादी | ८ | ८ |
| जनता समाजवादी | ३ | ३ |

■ प्रभाव संवाददाता

**काठमाडौं-** फागुन २० मा रिक्त हुने पदका लागि राष्ट्रिय सभाको निर्वाचन माघ ११ गतेका लागि तोकिएका छ। यदि सत्ता गठबन्धनमा तालमेल भए र मत कस नभए प्रमुख प्रतिपक्षी दल नेकपा एमाले एकीकृत समाजवादी भन्दा कमजोर हुने पक्कापक्की भएको छ।

५९ सदस्यीय राष्ट्रिय सभामा कुनै बेला ३० सदस्यसहित बहुमतमा रहेको एमालेको विस्तारै शक्ति क्षय हुँदै गएको हो। २०७८ भदौमा नेकपा विभाजनबाट ७ र चुनावबाट ७ गरि १४ सांसद गुमाएर १६ सिटमा खुम्चदा पनि एमाले राष्ट्रिय सभाको सबैभन्दा ठूलो दल थियो। यतिमात्र हैन यहाँ मनोनित डा विमला राई पौडेल र वामदेव गौतम गरी १८ सदस्य एमालेको रहेको छ।

तर, अहिलेको राजनीतिक समिकरणका कारण फागुन २० गते रिक्त हुने २० सिटमध्ये १९ जनाका लागि माघ ११ हुने चुनावबाट भने एमाले पहिलो दलबाट तेस्रो दल बन्ने निश्चित भएको छ। एक जना भने राष्ट्रपति रामचन्द्र पौडेलले मनोनित गर्नेछन्।

### अहिले कस्तो छ उपस्थिति ?

राष्ट्रिय सभामा अहिले एमाले १६ सिटसहित पहिलो दल हो। मनोनित २ जोड्दा १८ पुग्छ। त्यसपछि माओवादी केन्द्र १४ सिटसहित दोस्रो(मनोनित नारायणप्रसाद दाहाल जोड्दा १५), कांग्रेस १० सिटसहित तेस्रो दल रहेको छ। एकीकृत समाजवादी ८ सिटसहित चौथो रहेको छ।

### राष्ट्रिय सभाबाट को-को हुँदैछन् बिदा ?

एमालेका दिलकुमारी रावल थापा 'पार्वती', रामचन्द्र राई, अध्यक्ष गणेश तिमिल्सेना, दीपा गुरुङ, कुमार दसौदी, नरपति लुवार, भैरवसुन्दर श्रेष्ठ र इन्दु कडरियाको पदावधि सकिँदै छ। यसैगरी मनोनित सांसद डा विमला राई पौडेलको पनि पदावधि सकिँदैछ।

कांग्रेसका रमेशजंग रायमाझी, जितेन्द्रनारायण देव, प्रकाश पन्थ र अनिता देवकोटाको पदावधि सकिँदै छ। यता माओवादीका बिना पोखरेल, हरिराम चौधरी र महेशकुमार महरा बिदाइ हुनेछन् भने एकीकृत समाजवादीका सिंगबहादुर विश्वकर्मा र नन्दा चपाईको पदावधि सकिँदै छ। जसपाका मधेस प्रदेशबाट प्रमीला कुमारी र स्वतन्त्र सदस्य खिमलाल देवकोटाको फागुन २० गते बिदाइ हुने छ।

### गठबन्धनको बाँडफाँड कस्तो होला ?

नेताहरुका अनुसार अब हुने निर्वाचनमा पार्टीको उपस्थितिअनुसार सिट संख्यामा सहमति गरिनेछ। जसअनुसार कांग्रेसले ११, माओवादीले ४, एकीकृत समाजवादीले ३, जनता समाजवादी पार्टीले १ पाउने सम्भावना छ। यसैगरी एक मनोनित सदस्य कांग्रेसबाटै लिने बताइएको छ। (बाँकी पृष्ठ २ मा)

# रास्वपामा पनि आर्थिक विचलन



■ जेबी योञ्जन

**काठमाडौं-** गत निर्वाचनबाट जनमतको आधारमा वैकल्पिक शक्तिको रूपमा देखिएको दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का नेताहरू आर्थिक विचलन र दुर्व्यवहारका घटनामा जोडिएको तथ्य सार्वजनिक भएको छ।

डा. भरतमणि देवकोटा नेतृत्वको अनुशासन तथा आचरण आयोगले प्राप्त उजुरीहरूको छानबिन गरेर सार्वजनिक गरेको निष्कर्ष प्रतिवेदनमा यस्तो विवरण उल्लेख छ। आयोगले प्राप्त ६० वटाभन्दा बढी उजुरीहरूको छानबिन गरेको जनाएको छ। त्यसमध्येमै पर्छ, मेडिकल व्यवसायी दुर्गा प्रसाईसँग सांसद हाकाकुमार श्रेष्ठले दुई करोड मागेको चर्चित अडियो टेप प्रकरण।

गत वर्षको १० पुसमा गठित माओवादी अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकारमा स्वास्थ्यमन्त्री बन्न पार्टीको 'कोर टिम'बाट पैसा मागिएको भन्दै श्रेष्ठले प्रसाईसँग दुई करोड मागेको अडियोमा सुनिएको थियो। अनुशासन आयोगले यो घटनालाई आर्थिक विचलनयुक्त घटना भनेको छ।

अडियो टेप सार्वजनिक भएकै कारण तत्कालीन सांसद श्रेष्ठ पदमुक्त भए। रिक्त पदमा विन्ध्यावासिनी कंसाकार सांसद भइसकेकी छिन्।

आर्थिक विचलन र अनुशासनहीनतासँग जोडिएको यो प्रकरणबाहेक अन्य थुप्रै उजुरी आयोगमा परेको आयोगका उपप्रमुख यज्ञमणि न्यौपानेले बताए। उजुरीको छानबिन भइसकेको छ। जसबारेको निष्कर्ष प्रतिवेदन मधेसको जलेश्वरमा हालै सम्पन्न केन्द्रीय समिति र संसदीय समितिको बैठकमा आयोगले सार्वजनिक गरिएको थियो।

उपप्रमुख न्यौपानेका अनुसार कोर टिमका कसले पैसा मागेका हुन् भन्ने तथ्य फेला परेको छैन। तर, बयानका क्रममा श्रेष्ठले केन्द्रीय सदस्य मोहनबहादुर थापाको नाम कोर टिमका सदस्यको रूपमा लिएका थिए। न्यौपानले चाहिँ श्रेष्ठले भने जसरी पैसा माग्न लगाएको भन्ने पुष्टि नभएको दावी गरेका छन्। यसपछि थापालाई नियमित जिम्मेवारीमा फर्किन पत्राचार गरिएको उनको भनाइ छ।

'हामीले गरेको छानबिनका क्रममा हाकालाई रकम माग्न भनेको कहीँ कतैबाट पुष्टि र प्रमाणित भएन। स्वतन्त्र रूपमा उहाँमाथिका आरोप पुष्टि नभएपछि नियमित काममा फर्कन पत्राचार गरेका छौं', न्यौपानले भने।

थापा हाल जिम्मेवारीमा निष्क्रिय छन्। पार्टी केन्द्रीय सदस्य पद भने यथावत छ। तर, जलेश्वर बैठकमा केही केन्द्रीय सदस्यले थापालाई कारबाही गर्नुपर्ने माग गरेका थिए। हालसम्म उनी कारबाहीमा परेका छैनन्। उनको संरक्षण सभापति रवि लामिछानेले गरिरहेको भन्दै घरिघरी आलोचनासमेत हुँदै आएको छ।

पार्टीका एक जना पदाधिकारीका अनुसार थापालाई राजीनामा दिन लगाए पार्टी र नेतृत्व (रवि) विरोधी माहोल बन्न सक्ने र विरोधी शक्तिहरूलाई मसला पनि बन्ने बुझाइका आधारमा कारबाही नगरिएको एक जना पदाधिकारीले बताए। तर, पनि आयोगले पार्टीमा गम्भीर आर्थिक अनुशासनहीता देखा परेको भन्दै चिन्ता प्रकट गरेको छ। सभापति लामिछानको निर्देशनको समेत पालना नभएको आयोगले जनाएको छ।

प्रतिवेदनमा भनिएको छ, 'आर्थिक अनियमितता खासै भएको देखिएन। तथापि, आर्थिक मितव्ययिता कायम नगरेको हदसम्मको अवस्थासम्म देखियो। प्रोटोकलमा रही पार्टी नेतृत्वको आदेश र निर्देशनलाई तहगतरूपमा गम्भीरतापूर्वक पालन गरेको कम पाइयो।' (बाँकी पृष्ठ २ मा)

- प्राप्त उजुरीहरूको छानबिनपछि आयोगले नेताहरु आर्थिक विचलन र दुर्व्यबहारका घटनामा मुछिएको तथ्य सार्वजनिक
- प्रोटोकलमा रही पार्टी नेतृत्वको आदेश र निर्देशनलाई तहगतरूपमा गम्भीरतापूर्वक पालना कम गरेको पाइएको उल्लेख
- गम्भीर आर्थिक अनुशासनहीता देखा परे पनि सभापति लामिछानको निर्देशनको समेत उल्लंघन

**सन्दर्भ: वैदेशिक रोजगार**

# अनलाइनबाटै श्रम स्वीकृति लिन विभागको आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं-** वैदेशिक रोजगार विभागले अनलाइनबाटै श्रम स्वीकृति लिन सम्बन्धित सबैलाई आग्रह गरेको छ। वैदेशिक रोजगारीको लागि जाने नेपालीहरुले श्रम स्वीकृति लिनुपर्ने व्यवस्था भए बमोजिम विभाग र मातहतका कार्यालयबाट पूर्ण रुपमा अनलाईनमार्फत सेवा लिन आग्रह गरिएको हो।

विभागले एक विज्ञप्ती जारी गर्दै श्रम स्वीकृतिको सम्पूर्ण कार्य अनलाइनमार्फत हुँदै आएको जनाउँदै भौतिक रुपमा कार्यालयमा उपस्थित हुनु नपर्ने जनाएको छ। वैदेशिक रोजगार व्यवस्थापन प्रणाली (फेइम्स) मार्फत अनलाइनबाट घरबाटै सेवा प्राप्त हुने गरी व्यवस्था मिलाइएको विभागले जनाएको छ। उपलब्ध जनशक्तिको आधारमा दैनिक (टोकन) खुला गरी सेवा प्रवाह गर्ने व्यवस्था मिलाइएको विभागले उल्लेख गरेको छ।




विभागले टोकन प्राप्त गरेको मिति र समयबाट प्राविधिक कारणले सम्भव भएसम्म ७२ घण्टाभित्र अनलाइन रूपमा श्रम स्वीकृतिसम्बन्धी सेवा प्रदान गरिने प्रतिबद्धता जनाएको छ। रोजगारीको लागि विदेश जान तयारी गरिरहेका श्रमिकहरूले श्रम स्वीकृति नभई हवाई टिकट नलिन र कार्यालयमा भौतिक रूपमा उपस्थिति नजनाउनसमेत विभागले आग्रह गरेको छ। फेइम्स प्रणालीमा पटकपटक समस्या आउन थालेपछि श्रम स्वीकृतिको लागि विभागमा सेवाग्राहीको भिड लाग्ने गरेको छ।

गत हप्ता फेइम्स प्रणालीमा समस्या आएपछि विभागले समस्या समाधान नभएसम्म श्रम स्वीकृति लिन भौतिक रूपमै कार्यालय आउन आग्रह गरेको थियो। हाल फेइम्समा आएको समस्या समाधान भइसकेको भन्दै विभागले कार्यालयमा नआएर अनलाइनबाटै श्रम स्वीकृति लिन सूचीत गरेको हो।

# अमेरिका पठाइदिन्छु भन्दै ६४ लाख ठगी

**काठमाडौं (प्रस)-** वैदेशिक रोजगारीका लागि अमेरिका पठाइदिने भन्दै ६४ लाख रुपैयाँभन्दा बढी ठगी गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ। अमेरिकामा आकर्षक तलबसहितको रोजगारी लगाइदिने भन्दै पीडितसँग रकम लिएर फरार रहेको आरोपमा रमेश न्यौपानेलाई प्रहरीले पक्राउ गरेको हो।

कैलालीको टिकापुर घर भई हाल काठमाडौं कोटेश्वर बस्ने २८ वर्षीय न्यौपानेले गणेश अधिकारीसमेत ५ जनासँग वैदेशिक रोजगारीका लागि अमेरिका पठाइदिन्छु भन्दै पटकपटक गरी ६४ लाख ४५ हजार रुपैयाँ रकम लिई सम्पर्कविहीन बनेको प्रहरीले जनाएको छ।

अमेरिकाको एक प्रतिष्ठित होटलमा आकर्षक कमाई हुने गरी काम लगाइदिने प्रलोभनमा पारी पीडितहरुबाट रकम लिएर फरार रहेको अवस्थामा न्यौपानेलाई पक्राउ गरिएको प्रहरीले उल्लेख गरेको छ। उनलालाई खोजतलासका क्रममा बानेश्वरबाट पक्राउ गरिएको बताइएको छ।

पीडितबाट पटकपटक गरी रकम लिएर सम्पर्कविहीन भएको उजुरीका आधारमा वैदेशिक रोजगार विभाग काठमाडौंले पक्राउ गरी उपस्थित गराइदिन प्रहरीलाई पत्राचार गरेको थियो। सोही आधारमा पक्राउ परेका उनलाई थप अनुसन्धान तथा कारबाहीका लागि विभागमा बुझाइएको प्रहरी उपरीक्षक रविन्द्र रेग्मीले जानकारी दिए।

# श्रम शोषणमा परेकी हिराकुमारीको उद्धार

**काठमाडौं-** रोजगारीको सिलसिलामा कुवेत पुगेर चरम श्रम शोषणमा परेकी म्याग्दीको बेनी नगरपालिका-९ घतान काउलेगौडाकी हिराकुमारी चोखालको उद्धार भएको छ। आकर्षक तलबको प्रलोभनमा परेर भारत हुँदै कुवेत पुगेकी ३३ वर्षीया चोखालले आफूमाथि चरम श्रम शोषण भएको भन्दै उद्धारको लागि अनुरोध गरेपछि म्याग्दी प्रवासी नेपाली संघ मोना कुवेत, मोना अन्तरर्राष्ट्रिय, गैरआवासीय नेपाली संघ (एनआरएनए) कुवेतलगायत उनको उद्धारमा लागेका थिए।

कुवेतबाट नेपाल फर्केकी चोखाल बुधबार आफ्नो घर पुगेकी छिन्। खाडीमुलुकमा शोषणमा परे पनि गुहार मागेर सकुशल घर फर्कन सफल चोखाललाई घरपरिवार र छिमेकीले फूलमाला लगाएर स्वागत गर्दै खुसी बाँडेका थिए। करिब आठ महिनाअघि जटिल रोगबाट ग्रसित श्रीमानको उपचार र छोराछोरीको शिक्षादीक्षाका लागि भारत हुँदै कुवेत पुगेकी चोखाल घरेलु काममा चरम शोषणमा परेकी थिइन्। *रासस*




# दिपेन्द्र दोङ पत्रकारिता पुरस्कार शिवालाई



**काठमाडौं-** दिपेन्द्र दोङ पत्रकारिता पुरस्कार गोरखापत्रकर्मी शिवामाया तामाङलाई प्रदान गरिएको छ। बिहीबार काठमाडौंको बौद्धमा नेपाल तामाङ घेदुङका महासचिव जगतमान दोङ तामाङले गोरखापत्रकर्मी शिवालाई उक्त पुरस्कार प्रदान गरिएको हो।

तामाङ पत्रकार संघको २० औं स्थापना दिवस परी पुरस्कार प्रदान गरिएको हो। लामो समय पत्रकारितामा सक्रिय दिपेन्द्र दोङ तामाङको गत चैत ११ गते ४३ वर्षको उमेरमा निधन भएको थियो। उनै पत्रकार दोङको सम्झनामा स्थापना गरिएको पत्रकारिता पुरस्कार पहिलोपटक गोरखापत्रकर्मीलाई प्रदान गरिएको हो।

शिवालाई पाँचहजार सहित सम्मानपत्र प्रदान गरिएको छ। तामाङ पत्रकार संघले यस अवसरमा रक्तदानसमेत आयोजना गरेको थियो। तामाङ सञ्चार समूह हुँदै अघि बढेको तामाङ पत्रकार संघले हरेक मंसिर २१ मा स्थापना दिवस मनाउँदै आएको अध्यक्ष सुबास तामाङ योञ्जनले बताए।

दिवसको अवसरमा संघ, प्रदेश, जिल्ला शाखाहरुले विभिन्न कार्यक्रम आयोजना गरेको जनाएको छ। कार्यक्रममा संघका सल्लाहकार समेत रहनु भएका प्रमुख अतिथि दोङले संघले तामाङ समुदायको हकहितमा काम गरिरहेको र निरन्तरताको लागि आग्रह गरे।

पहिलो पटक भएको तर रक्तदान कार्यक्रम निकै महत्वपूर्ण र सराहनीय भएको उनको भनाई थियो। साथै संघको स्थापनाको लागि निकै महत्वपूर्ण भूमिका खेलेका स्व. दोङको नाममा पुरस्कार प्रदान गर्ने कार्यक्रममा पनि ऐतिहासिक भएको उनको धारणा थियो। संघ स्थापना गरेर यहाँसम्म ल्याउने अग्रज व्यक्तिलाई सम्झनु सम्मान भएको भन्दै उनले समाजको हकहितमा भएका कामलाई निरन्तरता दिन आग्रह गरे।

पुरस्कृत शिवा विगत १६ वर्षदेखि पत्रकारिता क्षेत्रमा आवद्ध छिन्। उनी हाल गोरखापत्र दैनिकमा कार्यरत छिन्। पुरस्कृत तामाङलाई स्व. दिपेन्द्र दोङको परिवारबाट पनि थप पाँच हजार रुपैयाँको चेक हस्तान्तरण गरिएको थियो। पुरस्कार वितरणको लागि संघका सल्लाहकार जगत दोङको संयोजकमा ३ सदस्यको समिति गठन गरिएको थियो। पुरस्कार छनोटबारे सल्लाहकार तथा छनोट समितिका सदस्य लक्ष्मी रुम्बाले जानकारी गराइन्।

कार्यक्रममा बौद्धनाथ क्षेत्र विकास समितिका अध्यक्ष राजकुमार लामा, काठमाडौं महानगरपालिका वडा नम्बर ६ का वडा अध्यक्ष खड्ग काजी लामा, गोकर्णेश्वर नवराज लामा, स्व. दिपेन्द्र दोङकी धर्मपत्नी तथा कलाकार चाँदनी लामा, कलाकार जमुना योन्जन लगायत विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधिको सहभागिता रहेको थियो।

# ठमेलका चोकचोकमा सिसी क्यामरा



**काठमाडौं-** राजधानीको प्रमुख पर्यटकीय गन्तव्य ठमेलका चोकमा सिसि क्यामरा जडान सुरु गरिएको छ। ठमेल पर्यटन विकास परिषद्को पहल तथा काठमाडौं महानगरपालिका र काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीको सहयोगमा ठमेलका प्रत्येक चोकमा सिसी क्यामरा जडान गरिएको हो।

परिषद्का अध्यक्ष भविश्वर शर्माले ठमेल क्षेत्रको शान्तिसुरक्षा बलियो बनाइ यस क्षेत्रलाई सफा, सुन्दर, सुरक्षित र व्यवस्थित बनाउनका लागि सिसी क्यामरा जडान सुरु गरिएको जानकारी दिए।

अध्यक्ष शर्माले ठमेलभित्रको लैनचौर मार्ग, क्षेत्रपाटी मार्ग, नर्सिङ चोक मार्ग, भगवती बहाल मार्ग, चाक्सीबारी मार्ग, सातघुम्ती मार्ग, जेपी लाइन मार्ग र पर्यटन मार्गभित्र ८० सिसी क्यामरा जडान गरिएको बताए। 'चार ठूला क्यामरासहित एक सय १२ सिसी क्यामरा जडान गर्नेगरी काम भइरहेको छ, हाल ८० क्यामरा जडान गर्ने कार्य सम्पन्न भएको छ', उनले भने।

ठमेल क्षेत्रभित्र सिसी क्यामरा जडान गर्ने यसअघि काठमाडौं महानगर प्रहरी, काठमाडौं उपत्यका प्रहरी कार्यालय र ठमेल पर्यटन विकास परिषद्का प्रतिनिधिले ठमेल क्षेत्रभित्र आवश्यक पर्ने सिसी क्यामराको अध्ययन गरेको थियो।

परिषद्का उपाध्यक्ष सहदेव धमलाले ठमेल क्षेत्रमा हुने आपराधिक क्रियाकलापलाई नियन्त्रणका लागि सिसि क्यामराले सहयोग पुग्ने बताए। वि.सं. २०४७ मा ठमेल क्षेत्रको विकासका लागि स्थापना भएको परिषद्मा ठमेलभित्रका दुई हजारभन्दा बढी घरधनी तथा व्यवसायी आवद्ध छन्। उक्त परिषद्ले ठमेल क्षेत्रको विकासका क्षेत्रमा काम गर्दै आइरहेको छ।

यस्तै परिषद्ले ठमेलभित्रका प्रत्येक गल्लीलाई कालोपत्र गर्नका लागि सम्बन्धित निकायसँग पहलकदमी लिँदै आएको छ भने प्रत्येक बिजुलीका खम्बामा सडक बत्ती जडानको कामलाई समेत अगाडि सारेको छ।


## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशन मिति २०८०।०८।२२

यस मनिकापुर सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व. २०७९/०८० मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको साल जातको विभिन्न ग्रेडको गोलिया थान २५ को ५८९.६७ घ.फि. गोलिया काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ। काठ, दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेका तथा डिभिजन वन कार्यालयमा सुचिकृत भएका उद्योगहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२:०० बजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीका लागि यस समूहमा सम्पर्क राख्नुहुन जानकारी गराईन्छ। पूर्ण व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

श्री मनिकापुर सामुदायिक वन उपभोक्ता समूह
बारबर्दिया नगरपालिका-६ मनिकापुर बर्दिया

## G.R. INTERNATIONAL EMPLOMENT PVT. LTD.

SAMAKHUSI KATHMANDU, Phone No. 9841866145

**Staff Required**

| SL NO. | POSITION | Qty | SALARY | REMARKS |
|---|---|---|---|---|
| 1 | Assistant Manager Cum Documentation Control (Male) | 01 | Negotiable | Bachelor Degree Minimum 3 to 5 Years Experince in Manpower Company Computer Fully Knowledge |
| 2 | Receptionist (Female) | 01 | Negotiable | Bachelor Degree Minimum 3 to 5 Years Experince in Manpower Company & Good Looking with Well Spoken English & Computer Fully Knowledge |

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०८/२२ गते)

अस्ट मान मानन्धरको नाति, राम कृष्ण मानन्धर/अस्ट माया मानन्धरको छोरा, कान्ति लक्ष्मी मानन्धरको पति, काठमाण्डौ जिल्ला, काठमाण्डौ म.न.पा, वडा नं १७ मा बस्ने श्याम कृष्ण मानन्धरको मिति २०७७/०१/२० मा मृत्यु भएकोले निजको नाममा यस बैंकको नक्साल शाखामा रहेको बचत खाताको खाता नं. ०४२००८५०५७८०००००१ मा रहेको मौज्दात रकम भुक्तानी पाऊँ भनी निज खातावालाको पत्नी कान्ति लक्ष्मी मानन्धरले यस बैंकको नक्साल शाखा कार्यालयमा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सबुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय नक्साल, काठमाडौंमा हकदावी गर्न आउनुहोला। म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौं।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय नक्साल, काठमाण्डौ फोन नं. ०१४५२७०९१

## खयर काठ बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशन मिति: २०८०/०८/२१

यस समूहको आ.व. २०७८/०७९ मा संकलन भई घाटगद्दिमा रहेको खयर काठ गोलिया ५२ थान २७५.३४ क्यू. फिट जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने हुँदा इच्छुक फर्म वा कम्पनीलाई गोप्य सिलबन्दी बोलपत्रद्वारा खरिद गर्न २१ दिने सूचना आह्वान गरिन्छ। विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क गर्नहोला।

श्री समैजी सामुदायिक बन उपभोक्ता समूह
कृष्णपुर-४, कञ्चनपुर सुदुरपश्चिम प्रदेश नेपाल
सम्पर्क मो. ९८६६१००१६६


## पृष्ठ १ बाट क्रमशः

रास्वपामा पनि...

पार्टीकै नेताबाट दुर्व्यवहार भएको भन्दै एक जना नेतृले आयोगमा उजुरी गरेकी थिइन्। यीबाहेक आयोगमा अन्य उजुरी पनि परेको थियो। तीमध्ये धेरै उजुरी रकम लेनदेनसँग सम्बन्धित रहेको पनि आयोगले जनाएको छ।

पार्टी महामन्त्री डा. मुकुल ढकालले उजुरी परेका नेताहरूमध्ये केहीलाई कारबाही गरेको र कतिपयलाई पार्टी जिम्मेवारीमा पुन: सक्रिय बनाएको बताएका छन्।

'उजुरीका आधारमा कसैलाई १५ दिनको समय दिएर कारवाही गरिएको र पछि चालचलन राम्रो भएपछि फेरि पार्टी जिम्मेवारीमै फर्काइएको पनि छ। गम्भीर प्रकृतिको देखिएकोले ढाकाकुमार श्रेष्ठजीलाई तत्काल निलम्बन गरियो', उनले प्रभावसँग भने।

गत वर्षको ८ माघमा देवकोटाको नेतृत्वमा आयोग गठन भएको हो। आयोगलाई पार्टी सदस्यहरूको अनुशासन र आचरणलाई सूक्ष्म रूपमा अध्ययन अनुसन्धान गरी परेका उजुरीहरू टुंगोमा पुऱ्याउने कार्यादेश दिइएको थियो। सोहीअनुसार उजुरीहरूको अध्ययन अनुसन्धान गरेको आयोगले नेताहरू आर्थिक विचलन र दुर्व्यवहारमा मुछिएको तथ्य सार्वजनिक गरेको हो।

देशका ठाउँठाउँमा नेता कार्यकर्ताबीच यसअघि कुटाकुटसमेत भएको थियो। नैतिकतामाथि प्रश्न उठ्नेगरिका गतिविधिमा संलग्न भएको विषय पनि सार्वजनिक भएको थियो। पार्टी भने गत वर्षको ७ असारमा स्थापना भएको हो। स्थापनाको पाँचौं महिनामै चुनाव लडेको पार्टीले जनताको अभूतपूर्व मत पायो। अन्तत: हाल २१ सिटसहित संसद्मा चौथो दलको रूपमा रास्वपा छ।

यस दलमा कांग्रेस, एमाले, माओवादीलगायत विभिन्न दलहरू त्याग्दै मानिसहरू आवद्ध भइरहेका छन्। रास्वपाप्रतिको आकर्षण जारी छ। तर, नेताहरू भने सार्वजनिक नैतिकताको समेत प्रश्न उठ्ने गतिविधिमा संलग्न हुँदै आएको पुष्टि भएको छ।

### राष्ट्रिय सभामा...

एमालेले यसरी गुमाउँदैछ सिट

राष्ट्रियसभा निर्वाचन प्रत्यक प्रदेशमा छुट्टाछुट्टै हुनेछ। प्रदेशसभा सदस्य र स्थानीय तहका प्रमुख/उपप्रमुख र अध्यक्ष/उपाध्यक्ष मतदाता हुन्छन्। यसपटक स्थानीय प्रतिनिधिको १९ र प्रदेश सभा सदस्यको ५३ मतभार तोकिएको छ।

७ वटै प्रदेशका ५५० सदस्यको २९ हजार १५० र ७५३ स्थानीय तहका प्रमुख/उपप्रमुख तथा अध्यक्ष/उपाध्यक्षको २८ हजार ६१४ गरी जम्मा मतभार ५७ हजार ७६४ छ। जसमध्ये एमालेको मतभार १७ हजार २६ छ भने गठबन्धनको मतभार ३५ हजार ६३३ छ। यो मतभारका आधारमा एमाले गठबन्धनसँग राष्ट्रिय सभाको निर्वाचनमा जित निकाल्न मुस्किल छ। एमाले कोशी प्रदेशसभाको सबैभन्दा ठूलो दल हो। प्रदेशसभाको ठूलो दल भए पनि एमालेले राष्ट्रिय सभाका उम्मेदवारलाई जिताउन सक्ने देखिन्न। कोशीमा २ सिटका लागि चुनाव हुनेछ।

कोशीमा एमालेको मतभार ४ हजार २१० छ। गठबन्धनसँग कोशीमा ५ हजार ४७४ मतभार छ।

मधेशमा २ सिटका लागि चुनाव हुँदैछ। मधेशमा पनि एमालेलाई गठबन्धनले पराजित गर्ने देखिन्छ। गठबन्धनसँग ८ हजार १५८ मतभार छ भने एमालेसँग २ हजार ३०२ मात्रै छ।

बागमतीमा रिक्त हुने ४ सिटका लागि चुनाव हुनेछ। यहाँ पनि अरु प्रदेश जस्तै एमालेको मतभार गठबन्धनको भन्दा निकै कम भएकाले एमाले जित्ले देखिन्न। गठबन्धनको ६ हजार ७८९ र एमालेको २ हजार ५७१ मतभार छ। गण्डकी प्रदेशमा ३ सिटका लागि चुनाव हुनेछ। एमाले गण्डकीमा पनि कमजोर अवस्थामा छ। यहाँ गठबन्धनको ३ हजार ७७० र एमालेको २ हजार ४५८ मतभार छ।

लुम्बिनीमा २ सिटका लागि चुनाव हुनेछ। यहाँ गठबन्धनको ५ हजार ४५४ र एमालेको २८१० मतभार छ। कर्णालीमा ३ सिटका लागि मतदान हुँदैछ। यहाँ गठबन्धनको ३ हजार ७०७ र एमालेको १ हजार १९५ मतभार छ। एमाले र गठबन्धन बाहेकको मतभार २२० छ। सुदूरपश्चिममा ३ सिटका लागि मतदान हुनेछ। एमालेको अवस्था सुदूरपश्चिममा पनि कमजोर छ। एमालेको १ हजार ४८० र गठबन्धनको ४ हजार २४५ मतभार छ।

## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मैनेजमेन्ट गुरु
इन्टरनेसनल एस्ट्रोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

मंसिर २३ गते २०८०, शुक्रबार

- **मेष** अरुले आलोचना पनि गर्न सक्छन्।
- **वृष** आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ।
- **मिथुन** आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ।
- **कर्कट** धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ।
- **सिंह** स्वास्थ्यमा गडबडी, दैनिक कामकाजमा असर पर्नसक्छ
- **कन्या** पार्टी पिकनिक तथा सेमिनारमा सहभागी भइएला।
- **तुला** परोपकारमा रुचि बढ्नेछ।
- **वृश्चिक** कूटनीतिक नियोगको सहयोग मिल्ला।
- **धनु** काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ।
- **मकर** राजनैतिक कार्यमा पनि सफलता मिल्नेछ।
- **कुम्भ** एउटै कामबाट दोहोरो लाभ मिल्नेछ।
- **मीन** नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६११९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| विशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| बालबालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२११९८८ |
| विधि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो वातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२९६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| स्वाम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इन्स्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८११ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, हाडी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसुति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी सघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

मंसिर २३ गते, २०८०, ८ डिसेम्बर, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.९७ | १३३.५७ |
| युरो | १ को | १४४.७१ | १४५.३६ |
| पाउन्ड स्टर्लिङ | १ को | १६८.९० | १६९.६६ |
| स्विस फ्रैन्क | १ को | १५२.९३ | १५३.६२ |
| अस्ट्रेलियन डलर | १ को | ८८.७३ | ८९.१३ |
| क्यानाडियन डलर | १ को | ९८.५० | ९८.९५ |
| सिंगापुर डलर | १ को | ९९.७० | १००.१५ |
| जापानी येन | १० को | ९.०६ | ९.१० |
| चिनियाँ युआन | १ को | १८.६२ | १८.७१ |
| साउदी अरब रियाल | १ को | ३५.४५ | ३५.६१ |
| कतारी रियाल | १ को | ३६.५२ | ३६.६८ |
| थाई भाट | १ को | ३.८१ | ३.८३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.२० | ३६.३७ |
| मलेसियन रिङ्गेट | १ को | २८.४५ | २८.५८ |
| दक्षिण कोरियन वन | १०० को | १०.२७ | १०.३२ |
| स्विडिस क्रोनर | १ को | १२.८२ | १२.८८ |
| डेनिस क्रोनर | १ को | १९.४१ | १९.५० |
| हङकङ डलर | १ को | १७.०२ | १७.०९ |
| कुवेती दिनार | १ को | ४३०.६४ | ४३२.५९ |
| बहराइन दिनार | १ को | ३५२.७२ | ३५४.३२ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरुले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

# सिफारिस न्यायाधीशविरुद्ध दश उजुरी

काठमाडौं– सर्वोच्च अदालतमा सिफारिस भएका न्यायाधीशविरुद्ध संसदीय सुनुवाइ समितिमा १० वटा उजुरी परेका छन् । समितिका ज्येष्ठ सदस्य पशुपति शम्शेर जबराको अध्यक्षतामा बिहीबार सिंहदरबारमा बसेको बैठकमा उजुरी खोल्दा १० वटा परेको पाइएको हो ।

सर्वोच्च अदालतका लागि सिफारिस भएका न्यायाधीशमा सारंगा सुवेदीका नाममा छ, टेकप्रसाद ढुङ्गानाका नाममा तीन र अब्दुल अजिज मुसलमानका नाममा एउटा उजुरी परेको समितिका सभापति जबराले जानकारी दिए । उनका अनुसार सिफारिस भएका न्यायाधीशमा महेश शर्मा पौड्याल, सुनिल पोखरेल र बालकृष्ण ढकालको नाममा कुनै पनि उजुरी परेको छैन ।

समितिका सदस्यहरुले उजुरीउपर र कार्ययोजनाको विषयमा बिस्तृतरुपमा अध्ययन गर्नुपर्ने भएकाले केही दिन समय दिनुपर्ने माग गरेपछि अध्ययन समितिले सिफारिस भएका न्यायाधीशहरुको सुनुवाइका लागि यही मंसिर २७ गते उजुरीकर्तासँग छलफल गर्ने कार्यक्रम तय गरेको छ । त्यस्तै, आजको बैठकमा सुनुवाइका लागि मङ्सिर २९, आगामी पुस १ र २ गते दुई/दुई जनाको गर्ने निर्णय भएको हो ।

## मोटरसाइकल हराएको सूचना

मिति २०८०/०८/१७ गते आइतबारको दिन 220 cc Pulsar रातो, कालो रंगको मोटरसाइकल तारकेश्वर न.पा वडा नं.१० को कार्यालय अगाडि पार्किङ गरिराखेको अवस्थामा (१५ मिनेट भित्र) दिनको करिब १ बजेको समयमा हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

कम्पनीको नाम : हुलास अटो प्रा.लि.
धनीको नाम : तारा बहादुर मगर
बाइक नं.: बा.प्र.०३-०४१ प ६०७३
च्यासिस नं.: MD2A13EX3MCJ98614
इन्जिन नं. : DKXCMJ 33013
ठेगाना: काठमाडौं
सम्पर्क: ९८४११२५५६५

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक २१६ मंसिर २० गते २०८० मा प्रकाशित श्री बहुउद्देशीय सहकारी संस्था लिमिटेड, बुद्धबारी, टेकु काठमाडौंको कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरुरी सूचनामा श्री बहुउद्देशीय सहकारी संस्था लिमिटेड, बुद्धबारी, टेकु काठमाडौं हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको जानकारी गराइन्छ ।

## मोटरसाइकल हराएको सूचना

मिति २०८०/०८/१७ गते का.म.न.पा. गोकर्णेश्वर नपा वडा नं.४ हनुमान चोक स्थित फ्लेकजोन बेकरी एण्ड क्याफेको पार्किङ स्थलबाट 220 F Pulsar/ Sparkle Met black/red रंगको मोटरसाइकल रातको अन्दाजी ११:१० बजेको समयमा हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

कम्पनीको नाम : हुलास अटो
धनीको नाम : साहु श्रेष्ठ
बाइक नं.: बा.प्र.०३-०४१ प ८६२३
च्यासिस नं.: MD2A13EX3MCJ98516
इन्जिन नं. : DKXCMJ32948
ठेगाना: का.जि.गोकर्णेश्वर – ३
सम्पर्क: ९८२३४१६०६०

## मोटरसाइकल हराएको सूचना

मिति २०८०/०८/०५ गते का.जि. टोखा नपा ८, बनियाटार स्थित कुसुम प्रजापतिको घरमा पार्किङ गरेको अवस्थामा बाट 220 cc Pulsar रातो, कालो रंगको मोटरसाइकल हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

धनीको नाम : अमृत थापा
बाइक नं.: बा.प्र.०३-०४२ प २०४५
च्यासिस नं.: MD2A13EX5MC693397
इन्जिन नं. : DKXCMG 25688
ठेगाना: शिवपुरी ५, नुवाकोट
सम्पर्क: ९८५१३१५४११, ९८४६०३१०००

## मोटरसाइकल हराएको सूचना

मिति २०८०/०८/०५ गते काजि. शान्तिनगरबाट Classic 350 - Royal Enfield, Gunmetal Grey रंगको मोटरसाइकल साँझको अन्दाजी ६:३० देखि ७:३० बजेको समयमा हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

धनीको नाम : सरस्वती सप्लायर्स प्रा.लि.
बाइक नं.: बा.प्र.०३-०४२ प ४८०२
च्यासिस नं.: ME3U3S5C1PA000516
इन्जिन नं. : U3S5C1PA319939
ठेगाना: शान्तिनगर, काठमाडौं
सम्पर्क: ९८५१२१३३४१ (शुभम देव पाण्डे)
९८५७८२००१९ (वासुदेव पाण्डे)

# धरानमा विमानस्थल निर्माणका लागि अध्ययन सुरू

धरान– नेपाल नागरिक उड्डयन प्राधिकरणले गठन गरेको तीन सदस्यीय टोलीले धरानमा विमानस्थल निर्माणका लागि स्थलगत अध्ययन सुरु गरेको छ । धरान उपमहानगरपालिकाका प्रमुख हर्कराज राईसहित आज बिहान धरान-१७ को डाँडाघोपा पुगेको टोलीले विमानस्थल निर्माण गर्ने भनिएको स्थानमा भौगोलिक अवस्थितिको अध्ययन गरेको हो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीको निर्देशनमा गत कात्तिक २३ गते प्राधिकरणका प्रवन्धक नलविक्रम थापाको संयोजकत्वमा वरिष्ठ कानुन अधिकृत विमल खनाल र चार्टर्ड एकाउन्टेन्ट अनिल बस्नेत सदस्य रहेको टोली गठन गरिएको थियो । बुधबार धरान आइपुगेको टोलीले उपमहानगरपालिकामा छलफल गरेपश्चात बिहीबार स्थलगत अध्ययन सुरु गरेको हो ।

अध्ययन टोलीका संयोजक थापाले विगतमा भएका अध्ययन प्रतिवेदनलाई नै आधार मानेर अध्ययन अघि बढाइएको बताए । सोही स्थानमा विमानस्थल निर्माणका लागि भनेर प्राधिकरणले पहिला पनि अध्ययन गरेको थियो । प्राधिकरणले २०७४ असार १ गते धरान उपमहानगरपालिकालाई पत्र पठाउँदै एटीआर ४२ सिट क्षमताको जहाजका लागि विमानस्थल निर्माण गर्न करिब ९३ दशमलव २५ बिघा जग्गा आवश्यक पर्ने उल्लेख गरेको थियो ।

अध्ययन टोलीका संयोजक थापाले हाल नेपालमा ७२ सिट क्षमताका जहाज प्रचलनमा रहेकाले उक्त जहाजका लागि विमानस्थल बनाउन अझै धेरै जग्गा आवश्यक पर्ने बताए । डाँडा घोपामा निजी कम्पनी यति इन्कर्पोरेट प्रालिले विमानस्थल निर्माण गर्ने भनेर २०६० सालमा करिब सात बिघा जग्गा खरिद गरेको थियो ।

निजी कम्पनीले विमानस्थल निर्माण गर्न पाउने स्पष्ट कानुन नरहेकाले विमानस्थल बन्न सकेको छैन । तत्कालीन समयमा विमानस्थलका लागि सस्तो मूल्यमा जग्गा बिक्री गरेका स्थानीय भने विमानस्थल नबन्ने भए आफ्नो जग्गा फिर्ता हुनुपर्ने माग गरिरहेका छन् ।

आज स्थलगत अध्ययनमा पुगेको टोली समक्ष पनि स्थानीयले विमानस्थल निर्माण गर्ने भए तुरुन्तै सुरु गर्न र नबन्ने हो भने जग्गा फिर्ता गर्न माग गरेका छन् । उपमहानगरपालिकाका प्रमुख राईले स्थानीयलाई सम्बोधन गर्दै यति इन्कर्पोरेटको नाममा रहेको जग्गा पनि उपमहानगरको नाममा ल्याएर विमानस्थल निर्माणको काम छिट्टै अघि बढाउने बताए । 'प्राविधिक टोलीले नापजाँच गरेपछि कस्तो प्रतिवेदन आउँछ, त्यसअनुसार श्रमदान गरेर भए पनि विमानस्थल बनाउँछौँ,' राईले भने । *रासस*

## युएइमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FLY SKY TECHNICAL WORKS LLC

पूर्व स्वीकृति मिति : २०८०/०८/२१ | LT No. 295974 | चलानी नं. ६०११०११

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | AIR CONDITIONING ASSISTANT | 1 | 0 | 900 | ३२७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Brick Mason | 4 | 0 | 900 | ३२७१५ | | | | | | | |
| 3 | Carpenter | 2 | 0 | 900 | ३२७१५ | | | | | | | |
| 4 | CARPENTER ASSISTANT | 1 | 0 | 900 | ३२७१५ | | | | | | | |
| 5 | cleaner | 1 | 1 | 900 | ३२७१५ | | | | | | | |
| 6 | Construction Carpenter | 5 | 0 | 900 | ३२७१५ | | | | | | | |
| 7 | Plasterer | 2 | 0 | 900 | ३२७१५ | | | | | | | |
| 8 | PLUMBER | 1 | 0 | 900 | ३२७१५ | | | | | | | |
| 9 | Plumber Assistant | 2 | 0 | 900 | ३२७१५ | | | | | | | |
| 10 | Reinforcing Fitter Assistant | 1 | 0 | 900 | ३२७१५ | | | | | | | |
| 11 | SCAFFOLDER | 1 | 0 | 900 | ३२७१५ | | | | | | | |
| 12 | SEWAGE PIPE LAYER | 2 | 0 | 900 | ३२७१५ | | | | | | | |
| 13 | STEEL FIXER | 1 | 0 | 900 | ३२७१५ | | | | | | | |
| 14 | Stone Mason | 1 | 0 | 900 | ३२७१५ | | | | | | | |
| 15 | Tile Layer | 5 | 0 | 900 | ३२७१५ | | | | | | | |
| 16 | TILE LAYER ASSISTANT | 4 | 0 | 900 | ३२७१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: Jhapa prabidhik talim kendra Birtamode-1 jhapa मिति: २०८० मंसिर २८ गते (15th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,३००/- कामदार आफैले सेवा शुल्क: नि:शुल्क

# Kingfisher Overseas Pvt.Ltd

लाइसेन्स नं. [illegible]

Gairigaun 9 Tinkune, Kathmandu,Nepal.
Contact no.:+977-014112437/014112160, Email: kingfisheroverseasnepal@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL FREEJ GRILL RESTAURANT FOR SERVING MEALS

पूर्व स्वीकृति मिति २०८०/०८/२० | LT. No. 295984 | चलानी नं. ६०२११०८१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fast Food Preparation | 1 | 0 | 1200 | ४२,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर २८ गते (14th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने: [illegible]

# Muskan Overseas Pvt. Ltd.

Govt. License 1349/074/75

Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

# सोलुदुधकुण्ड नगरपालिकाको
## नगर कार्यपालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु
कोशी प्रदेश नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति: २०८०/०८/२२

यस कार्यालयबाट निम्न बमोजिमको कार्य गर्नका लागि मिति २०८०/०६/१२ गते प्रकाशित सूचनामा बोलपत्र आव्हान गरिएकोमा तोकिएको म्यादभित्र प्राप्त भएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्रदाताको न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट गरिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) बमोजिम सम्बन्धित बोलपत्रदाता तथा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| बोलपत्र सूचना नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | स्वीकृत रकम मू.अ. कर सहित |
|---|---|---|---|
| 01–NCB–SDM–2080/081 | ६ नं. वडा स्थित नयाँबजार हाटबजार पूर्वाधार निर्माण । | देनहुब धनलक्ष्मी जे.भि., सोलुदुधकुण्ड नगरपालिका वडा नं.-५ | रू. १,५१,९३,४९३।३७ |
| 02–NCB–SDM–2080/081 | वडा नं. २ स्थित तुम्बुक- टाक्टोर-लामाजुरा सडक स्तरोन्नती । | एन. एस. निर्माण, गोकर्णेश्वर-८,जोरपाटी, काठमाडौं | रू. १,४६,५१०४३।८२ |

## Government of Nepal
## Ministry of Urban Development
## Department of Urban Development and Building Construction
## Federal Project Implementation Unit(FPIU) Kailali

### INVITATION FOR ONLINE-BIDS

**(Notice No: FPIU/KAILALI/NCB/Works/ 2080/081/07)**
***Date of Publication: 2080/08/22(8th December, 2023)***

1. FPIU, Kailali invites electronic bids from eligible bidders for the following works under NCB Bidding Procedure. For more details, bidders may visit and download from e-GP system *www.bolpatra.gov.np/egp*.

| Contract ID | Description of Works | Total Estimated Amount NRs (Without VAT including Provisional Sum ) | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) |
|---|---|---|---|---|
| FPIU/KAILALI/ Works/NCB/ 27-2080/081 | Construction of Kriyaputri Building for Cemetery management of Godavari Religious Area, Kailali . | 42,83,424.26 | 1,20000.00 | 3000 |
| FPIU/KAILALI/ Works/NCB/ 28-2080/081 | Construction of Community Building at Ajayameru Rural Municipality, Dadeldhura | 42,84,718.58 | 1,20000.00 | 3000 |

**Project Chief**

# कालिका नगरपालिका
## नगर कार्यपालिकाको कार्यलय

रेडक्रसग्राम, चितवन

## विषय: बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८०।०८।२२

यस कालिका नगरपालिकाबाट तपसिलमा उल्लेखित मितिमा प्रकाशित बोलपत्र आव्वान सूचनाको म्याद भित्र पर्न आएका बोलपत्रहरुको मूल्यांकन हुँदा न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही तपसिल अनुसारको बोलपत्र स्वीकृतिका लागि पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) प्रयोजनका लागि बोलपत्र स्वीकृत गर्ने आशयको ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

तपसिल

| S.N. | Bid IFB No. | Name of Projects | Date of Notice Publication | Quoted Amount with VAT (NRs.) | Name of Lowest Evaluated Substantially Responsive Bidder | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | 003/Works/NCB/ KM/080/081 | Different Road Construction in Kalika Municipality , Ward no -2 | 2080-06-03 (BS) | 1,20,07,380.56 | Gorakhakali Engineering Construuction Company pvt.Ltd,Gorkha-1,Gorkha | |
| 2 | 004/Works/NCB/ KM/080/081 | Different Road Construction in Kalika Municipality ,Ward no -3 | 2080-06-23 (BS) | 77,39,150.92 | Dibya Darsan Nirman Sewa Pvt. Ltd. New Baneshwor, KMC-10, Kathmandu | |
| 3 | 007/Works/NCB/ KM/080/081 | Construction of R.C.C.Slab Culverts in two places of Azingare River,Kalika Municipality-8, Chitwan, Nepal | 2080-07-03 (BS) | 36,37,627.03 | Latrammeshwor Mahadev Nirmansewa, Makawanpurgadhi-2 | |
| 4 | 04/Goods/NCB/ KM/080/081 | SUPPLY AND DELIVERY OF COMPUTERS, PRINTERS AND ACCESSORIES | 2080-06-02 (BS) | 26,94,079.33 | E-Achievement Holdings, Khichapokhari -22, Newroad | |

प्रमुख प्रशासकीय अधिकृत

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## निकास देऊ, नअल्झाऊ

**देशभरका अदालतहरूमा नेत्रविक्रम चन्द नेतृत्वको नेकपाका नेता कार्यकर्ताविरुद्ध तीन हजारको संख्यामा मुद्दा विचाराधीन छन् । जिल्ला प्रशासन कार्यालयहरूमा सार्वजनिक मुद्दा पनि सोही संख्यामा छन् । २१ फागुन २०७७ मा भएको तीन बुँदे सहमतिको तेस्रो बुँदा कार्यान्वयन भएको भए यी मुद्दाहरू खारेज भइसकेका हुन्थे । तर, त्यसका लागि अनिवार्य चाहिँ अपराध संहिता र कार्यविधि ऐनमा संशोधन हो । यद्यपि, अझैसम्म संशोधन भएको छैन । ऐनमा संशोधन गर्नुपर्ने दफा ११६ मा हो ।**

**हाल संसद्मा विचाराधीन विधेयकमा सोही दफा संशोधन गरी प्रस्तुत गरिएको छ । संसद्बाट भने पारित हुन बाँकी छ । त्यहाँ सरकारसँग सम्झौतापछि कुनै दल वा समूहको नेता तथा कार्यकर्ताको मुद्दा फिर्ता हुने र प्रस्तावित कानुनमा जुनसुकै मुद्दा, जुनसुकै तहको अदालतमा विचाराधीन भए पनि फिर्ता लिन बाधा पर्ने छैन भन्ने व्यवस्था थपिएको छ ।**

**यस्तो नयाँ प्रावधान उल्लेखित विधेयक पारित हुन सकेको छैन । बरु, यसअघि संसद्मा विधेयकको चर्को विरोध भयो । फेरि, यहीबेला काठमाडौं जिल्ला अदालतले नेकपा महासचिव चन्द, प्रवक्ता खड्गबहादुर विश्वकर्मा, नेता माइला लामा र राजु कार्कीविरुद्ध राज्यविरुद्धको कसूरमा पक्राउ पुर्जी जारी गरिसकेको छ । यो मुद्दा सरकारसँग तीन बुँदे सहमति हुनुभन्दा पहिलेको हो । यसप्रति नेकपा आन्दोलित छ ।**

**यी सबै विकसित परिस्थितिको जिम्मेवार भने सरकार हो । यदि, सरकारले सहमतिअनुसार आवश्यक ऐन कानुन छिटो संशोधन गरेर अघि बढेको भए यस्तो स्थिति आउने थिएन । सहमति गर्ने तर कार्यान्वयनको प्रक्रियामा जान कानुनी पूर्वाधार तयार गर्न ढिला गर्नु सरकारको राजनीतिक बेइमानी हो । सरकार कानुन संशोधन गर्न साँचो अर्थमा चाहँदैन नै भने न्यायालयलाई दायर भएका मुद्दाहरूलाई न्यायिक प्रक्रियामा लान मार्ग प्रशस्त गर्नुपर्दछ । अर्थात्, कि छिटो कानुन संशोधन गरेर मुद्दा फिर्ता लिनुपर्छ, अदालतबाटै मुद्दाहरूको न्याय सम्पादन हुनुपर्छ । तर, सरकार भने अल्झाइराख्ने पक्षमा देखिएको छ । जुन घातक कदम हो । यसले त शान्ति प्रक्रियामा आँच नपुऱ्याउला भन्न सकिँदैन । तसर्थ, सरकारको गाम्भीर्यता यसमा औचित्यपूर्ण छ ।**

**चन्द र उनका दलका नेता कार्यकर्ताहरूविरुद्ध राज्यविरुद्धको कसूर, विस्फोटक पदार्थ, हातहतियार तथा खरखजना, कर्तव्य ज्यानदेखि सार्वजनिक सम्पत्तिमा क्षतिलगायतका मुद्दा छन् ।**

मननयोग्य

### चाणक्य नीति

सोच्दै हात पारेको शत्रुलाई छोड्नु पाप हो चन्द्रगुप्त महानन्दको वध गर्न चाहँदैन, महानन्द जीवित हुनुको अर्थ चन्द्रगुप्तको मृत्यु अनि मेरो प्रतिज्ञा त्यो पनि थाहा छैन के हुन्छ ? यो समय चुक्ने समय होइन भोलि सूर्योदयका साथसाथै महानन्दको वध गराउनुपर्छ । अनि यो हत्याराका रगतले मेरो पिताको तर्पण गर्न सक्छु । ...कौटिल्यको प्रतिज्ञा भोलि अवश्य पूर्ण हुन्छ ।

सन्ध्या सकिन लागेको थियो । शंकरदेव मुरालाई लिएर चाणक्यका कुटीमा प्रवेश गरे । प्रणामपछि मुरालाई आफ्ना आसनको छेउमा बसाले ।

मुरा- महात्मन् ! के आज्ञा छ ? अपर्झट यो समयमा किन बोलाइयो ? चाणक्य- आपतमा शक्तिको आवश्यकता पर्छ । तिम्रो नामको राज्य स्थापना गर्ने इच्छा छ । तिमीले आफ्नो मुटुलाई ढुङ्गाजस्तो पार्नुपर्छ । मुरा- किन छकाउँदै हुनुहुन्छ स्पष्ट भनिदिनोस् । चाणक्य- स्पष्ट छ, महानन्द बन्दी भएको छ, मगधमा चन्द्रगुप्तको अधिकार छ, अलिकति हृदय बलियो बनाई भोलि महानन्दलाई वध गर्ने आज्ञा दिन तयार हुनुपर्छ ।

मुरा- यो के भन्दै हुनुहुन्छ एउटी पत्नी आफ्नो पतिको वध गर्ने आज्ञा पुत्रलाई देओस् । यो कसरी सम्भव हुन्छ ? चाणक्य- हेर्नोस् देवी ! तपाईंको यही पतिले तपाईं र चन्द्रगुप्तको कस्तो अवस्था बनायो । यो अधमले सयौं नारीलाई बरबाद पार्यो । के यस्तो जीवले बाँचिरहनु उचित हुन्छ ? यदि महानन्द जीवित भयो भने भोलि तिम्रो पुत्र चन्द्रगुप्तको वध गर्नेछ । उसमा तिमी वा तिम्रो पुत्रका लागि कुनै स्नेह छैन । शत्रु जीवित भएमा धेरै विघ्न सक्छ । महानन्दले शकटार कात्यायनलाई जीवित नराखी वध गरिदिएको भए आज उसले बन्दी हुनुपर्ने थिएन । तर गुरुदेव ! असमन्जस हुँदै चन्द्रगुप्तले भने । तर के ? मोह भरिएर आएजस्तो छ बाबुको, यो मोहमा आफ्नो उद्देश्य के हो, बिर्सियौ ? अलिक रोषयुक्त स्वरमा चाणक्यले भने ।

धबचन्द्रगुप्त हिँडिसकेपछि धेरै समयसम्म चाणक्य सोच्न बाध्य भए । उनले आफ्ना अनुचर शंकरदेवलाई बोलाई भने- 'तिमी तुरुन्तै जाऊ आजै मुरालाई लिएर आऊ भन्नु आचार्य वात्स्यायनले बोलाएको छ ।' आज्ञा पाई शंकरदेव गए । चाणक्य फेरि आफ्नो विचारमा मग्न भए ।

# स्थानीय सरकारका असल अभ्यास



▶▶ कृष्णहरि बास्कोटा

> प्रायः सबै पालिकाले डिजिटल नागरिक वडापत्र जारी गरेका छन् । प्रायः सबैले वडा कार्यालयबाट नै सेवा प्रवाह गरेका छन् । केही पालिकाले प्रविधिमैत्री, सिसिटिभी, विद्युतीय हाजिरी, स्क्रिन सूचना पाटी, सिसी क्यामरा र विद्युतीय हाजिर जडान गरेका छन् ।
>
> केही पालिकाले अनलाइन सेवा दिएका छन् भने केही पालिकाले आफ्ना नागरिकको दुर्घटना बीमा गरेका छन् । केहीले डिजिटल पालिका घोषणा गरेका छन् भने केहीले कागजरहित पालिका बनाएका छन् । केहीले आफूलाई बेरूजुरहित पालिका घोषणा गरेका छन् भने कतिपयले चैतभित्रै सबै पूँजीगत बजेट खर्च गर्न सक्ने पालिकाको हैसियत प्रदर्शन गरेका छन्

हरेक सिक्काको दुई पाटा हुन्छ भने झैं संघीय शासन प्रणालीमा उदाएका सात सय ५३ पालिकाले विगत सात वर्षमा थुप्रै राम्रा काम पनि गरेका छन् । यस आलेखमा अन्य पालिकाका लागि अनुसरण गर्न मिल्ने केही प्रमुख अभ्यासको चर्चा गर्ने जमर्को गरिएको छ ।

### कृषि सुधार

नेपाल कृषि प्रधान देश हो । यसर्थ, नेपालका पालिकाहरुले खाद्यान्न, हरियो तरकारी, फलफूल, माछा, मासु र दूधमा आत्मनिर्भर हुने प्रयास गरेका छन् । केही पालिकाले 'एक वडा, एक उत्पादन' अभियान सञ्चालन गरेका छन् भने केहीले कृषिमा यान्त्रिकीकरण भित्र्याउन आलुको ड्याङ बनाउने मेसिन, धान काट्ने रिपर, पावर टिलर, मिनीट्र्याक्टरजस्ता उपकरणमा कम्तिमा ५० प्रतिशत अनुदान दिएका छन् ।

केही पालिकाले कृषिको सम्भाव्यता अध्ययन गराएका छन् भने केहीले माटो परीक्षण गरेका छन् । कुनै पालिकाले 'एक घर, एक टनेल' कार्यक्रम सञ्चालन गरेका छन्, कुनैले कृषि उब्जनीलाई जङ्गली जनावर, बाँदर, किरा आदिबाट जोगाउन बजेट छुट्याएका छन् । केही पालिकाले बाँदरलाई कोकामा हालेका छन् भने केहीले बन्दुक पड्काएर भगाएका छन् । कुनै पालिकाले बाँदरले नखाने खेती आरम्भ गरेका छन् ।

यसैगरी, केही पालिकाले फलफूलको विकासका लागि स्याउ, अनार, लिची, ओखरलगायतका बिरुवा वितरण गरेका छन् भने केही पालिकाहरुले आफ्नै नर्सरी स्थापना गरेका छन् । केहीले आलु, अलैंची, किवी, लसुन, भटमास, सिमी, स्याउ, सुन्तला, कोदो, फापर, मार्सी धान, गाईपालन, बाख्रापालन, भैंसीपालन, मौरीपालन, दूध उत्पादन वृद्धि आदिको क्षेत्र बनाएका छन् भने केहीले समर्थन मूल्यमा कृषि उत्पादन खरिद गर्न थालेका छन् । केही पालिकाले बीउमा अनुदान दिएका छन् भने कतिपयले सुन्तला महोत्सव गरी स्थानीय उत्पादनको बजार खोजी गरेका छन् ।

केही पालिकाले बाँझो जमीन राख्न निषेध गरेका छन् भने केहीले भूमि बैंकको अवधारणा कार्यान्वनमा ल्याएका छन् । केही पालिकाले सहकारीका सुपथ मूल्य पसल एवं सहकारी एग्रोभेट सञ्चालन गर्न अनुदान दिएका छन् भने केहीले सहकारी र सामूहिक खेती अभियान आरम्भ गरेका छन् । केही पालिकाले हरेक वडामा कृषि र पशु स्वास्थ्य प्राविधिक खटाएका छन् भने केहीले कृषि विषयको पढाइ आरम्भ गरेका छन् ।

### पशुपालन विकास

केही पालिकाले नश्ल सुधार कार्यक्रम सञ्चालन गरेका छन् भने केहीले कोरियाली बाच्छी वितरण गरेका छन् । केहीले सुत्केरी गाई र भैंसीलाई भत्ता दिन प्रारम्भ गरेका छन् भने केहीले गाईवस्तुको जन्म, बसाई-सराई र मृत्यु दर्ता तथा गाई गोरु जन्म दर्ता गर्न एप्स तयार गरेका छन् । केहीले छाडा गाईवस्तु नियन्त्रण गरी गौशाला सञ्चालन गरेका छन् भने केहीले पशु बीमा गर्न लाग्ने आधा रकम अनुदान दिएका छन् ।

केही पालिकाले दूध, घ्यू, छुर्पी र चिजको उत्पादन बढाउन थाक वितरण गरेका छन् भने केहीले महिलाको आय वृद्धि गर्न बाख्रा वा कुखुरा वितरण आरम्भ गरेका छन् । कसैले सुङ्गुरका पाठा अनुदानमा वितरण गरेका छन् भने केहीले ब्याडे बोको खरिद गरी पालिकामा ल्याएका छन् । केही पालिकाले गोठालो भत्ता दिएका छन् भने केहीले बेमौसमी घाँसका लागि साइलेस प्रविधि भित्र्याएका छन् ।

### शिक्षामा सुधार

केही पालिका शिक्षाको गुणस्तर सुधारमा लागिपरेका छन् भने केहीले सामुदायिक स्कूललाई नमुना तुल्याएका छन् । केहीले पोलिटेक्निकल इन्स्टिच्यूट स्थापना गरेका छन् केहीले साइन्स ल्याब खडा गरेका छन् । केहीपालिकाले स्कूलमा इ-हाजिरी र सिसी क्यामेराद्वारा निगरानी बढाएका छन् भने केहीले प्रधानाध्यापकसँग कार्यसम्पादन करार गरेका छन् । केही पालिकाले सबै प्रधानाध्यापकलाई परीक्षाको माध्यमबाट नियुक्ति गरेका छन् भने केहीले 'कमाउ र सिक' कार्यक्रम सञ्चालन गरेका छन् ।

केही पालिकाले विद्यार्थीलाई स्वीटर, ड्रेस, साइकल दिएका छन् भने केहीले सबै विद्यार्थीलाई दिवा खाजा खुवाएका छन् । केही पालिकाले वर्षेनी विद्यार्थीको स्वास्थ्य परीक्षण गराएका छन् भने केहीले विद्यार्थीको बैंक खाता अनिवार्य गरेका छन् । केही पालिकाले उत्कृष्ट अंक ल्याउनेलाई डाक्टर पढाएका छन् भने केहीले इन्जिनीयर पढ्न अनुदान दिएका छन् । केहीले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा पूर्णरुपमा प्रदान गरेको घोषणा गरेका छन् भने केहीले पूर्ण साक्षर पालिका घोषणा गरेका छन् ।

अधिकांश पालिकाले स्थानीय पाठ्यक्रम लागू गरेका छन् भने कैयौले स्कूलमा कम्प्युटर र इन्टरनेट जडान गरी सूचना प्रविधि कक्षा सञ्चालन थालेका छन् । केहीले पालिकाले सबै स्कूलका विद्यार्थीको एउटै पोषाक घोषणा गरेका छन् भने केहीले विद्यालयमा इ-लाइब्रेरी, प्राविधिक शिक्षा, प्रयोगशाला आदिको व्यवस्था गरेका छन् । केही पालिकाले सम्पूर्ण खर्चसहितको आवासीय विद्यालय सञ्चालन गरेका छन् भने केहीले विद्यालयमा प्राविधिक शाखा खडा गरेका छन् । केही पालिकाले स्कूललाई बजारबाट खरिद गरेको उपहार वितरणमा रोक लगाएका छन् भने केहीले विद्यालयमा पत्रु खाना ल्याउन निषेध गरेका छन् ।

### स्वास्थ्य सेवा

पछिल्ला दिनमा अधिकांश पालिकाहरुले अस्पताल वा स्वास्थ्य चौकी सञ्चालनमा ल्याएका छन् । अधिकांश पालिकामा एमबिबिएस डाक्टर पुगेका छन् । केही पालिकाले घरघरमै गएर स्वास्थ्य परीक्षण गरिरहेका छन् भने केहीले वडास्तरमा स्वास्थ्य केन्द्र खडा गरेका छन् । केही पालिकाले चौबिसै घण्टा स्वास्थ्य केन्द्र सञ्चालनमा ल्याएका छन् भने केहीले सबै वडामा बर्थिङ सेनटर सञ्चालनमा ल्याएका छन् । केही पालिकाले डाक्टर, नर्स र अहेबलगायतको अध्ययनमा विशेष छात्रवृत्ति दिएका छन् भने केहीले स्वास्थ्य शिविर सञ्चालन गरिआएका छन् ।

### सुशासन प्रवर्द्धन

प्रायः सबै पालिकाले डिजिटल नागरिक वडापत्र जारी गरेका छन् । प्रायः सबैले वडा कार्यालयबाट नै सेवा प्रवाह गरेका छन् । केही पालिकाले प्रविधिमैत्री, सिसिटिभी, विद्युतीय हाजिरी, स्क्रिन सूचना पाटी, सिसी क्यामरा र विद्युतीय हाजिर जडान गरेका छन् । केही पालिकाले डिजिटल सूचना पाटी राखेका छन् भने केहीले आकर्षक सेवाग्राही सहायता कक्ष सञ्चालनमा ल्याएका छन् । केही पालिकाले अत्याधुनिक कार्यालय भवन निर्माण गरेका छन् भने केहीले सबै वडामा पनि सुविधा सम्पन्न भवन निर्माण गरेका छन् ।

केही पालिकाले अनलाइन सेवा दिएका छन् भने केही पालिकाले आफ्ना नागरिकको दुर्घटना बीमा गरेका छन् । केहीले डिजिटल पालिका घोषणा गरेका छन् भने केहीले कागजरहित पालिका बनाएका छन् । केहीले आफूलाई बेरुजुरहित पालिका घोषणा गरेका छन् भने कतिपयले चैतभित्रै सबै पूँजीगत बजेट खर्च गर्न सक्ने पालिकाको हैसियत प्रदर्शन गरेका छन् । कैयौ पालिकाले आफ्नो सेवालाई मोबाइल एपमा जोडेका छन् भने कैयौले अनलाइन सेवा प्रदान गरेका छन् । केही पालिकाले बिहान-बेलुकी पनि सेवा दिएका छन् भने केहीले घरघरमै सेवा प्रवाह गरेका छन् ।

### महिला विकास

हाल केही स्थानीय तहहरुले अविवाहित महिलालाई पनि वृद्ध भत्ता सरह मासिक रकम दिने घोषणा गरेका छन् भने केहीले धुँवारहित चुल्हो वितरण गरेका छन् । केही पालिकाले गर्भवतीलाई विभिन्न सेवा, सुविधा, भत्ता दिन थालेका छन् भने केहीले प्रसुती भत्ता, प्रसुति कोशेली र बच्चालाई उपहार दिने कार्यक्रम संचालनमा ल्याएका छन् । केही पालिकाले छोरी जन्म प्रोत्साहन कार्यक्रम सञ्चालन गरेका छन् भने केहीले सुत्केरीलाई ३५ दिनभित्र भेटी बच्चाको जन्म दर्ता प्रमाणपत्र दिनुका साथै चिकित्सक सेवा पनि उपलब्ध गराएका छन् । केही पालिकाले विदूर भत्ता पनि आरम्भ गरेका छन् ।

### ज्येष्ठ नागरिक

केही पालिकाले ज्येष्ठ नागरिकलाई थर्मस, सिरक, ज्याकेट बाँडेका छन् भने केहीले सम्मान पत्र दिएका छन् । यसैगरी केही पालिकाले ज्येष्ठ नागरिकलाई निःशुल्क यातायातको परिचयपत्र दिएका छन् भने केहीले जेष्ठ नागरिक परिचय पत्र वितरण गरेका छन् । केहीले ज्येष्ठ नागरिकलाई उपचार खर्च दिएका छन् भने केहीले धार्मिक पर्यटनमा लगेका छन् । केहीले वृद्धाश्रम, चौतारो निर्माण गरेका छन् भने केहीले आरोग्य आश्रम बनाएका छन् । केही पालिकाले ज्येष्ठ नागरिकलाई मासिक एक हजार भत्ता थपिदिएका छन् भने केहीले मल्टी भिटामिन वितरण गरेका छन् ।

### वातावरण सुधार

केही पालिकाहरु फोहोरलाई मोहर बनाउन एकजुट भएका छन् भने केहीले सार्वजनिक स्थानमा बटुवाका लागि डष्टबिनको व्यवस्था गरेका छन् । केहीले पालिकावासीसँग फोहोर खरिद गर्न थालेका छन् भने केहीले कुहिने र नकुहिने फोहरको वर्गीकरण आरम्भ गरेका छन् । केही पालिकाले फोहोरबाट अर्गानिक मल बनाउन थालेका छन् भने केहीले फोहोरलाई रिसाइकल गर्ने प्रयास गरिरहेका छन् ।

यसैगरी, केही पालिकाले सार्वजनिक शौचालय निर्माण र सञ्चालनमा विशेष प्रविधि अपनाएका छन् भने केहीले सिक्का खसालेर पानी पिउन मिल्ने प्रबन्ध गरेका छन् । केहीले विपद् सूचना व्यवस्थापन प्रणाली शुरु गरेका छन् भने केहीले सरसफाइ महाअभियान शुरु गरेका छन् । केही पालिकाले सडकको दुबै किनारामा बिरुवा रोपेर हरियाली पालिका घोषणा गरेका छन् भने केहीले पालिकाभित्र प्लाष्टिकको झोला प्रयोग निषेध गर्न कपडाको झोला वितरण गरेका छन् ।

### रोजगारी व्यवस्थापन

रोजगारीको अवसर जुटाउन केही पालिकाले युवा दस्ता खडा गरेका छन् भने केहीले युवा कार्यदल खडा गरेका छन् । यसैगरी, केहीले रोजगार कार्यक्रम घोषणा र केहीले युवा इलम कार्यक्रम घोषणा गरेका छन् । केही पालिकाले बेरोजगारमुक्त अभियान सञ्चालन गरेका छन् भने केहीले श्रम बैंक शुरु गरेका छन् । यसैगरी, केही पालिकाले वैदेशिक रोजगारीमा जानेलाई ऋण दिएका छन् भने केहीले श्रम स्वीकृति जारी गर्ने काम आरम्भ गरेका छन् ।

### बालबालिकाको विकास

केही पालिकाले बालमैत्री सुशासनमा उत्कृष्ट स्थान हासिल गरेका छन् भने केहीले बालबालिकालाई एक घण्टाको गाउँपालिका अध्यक्ष वा नगर पालिकाको प्रमुख हुने अवसर दिएका छन् । केहीले बालश्रमिकलाई घर फर्काएका छन् भने केहीले बालगृह स्थापना गरेका छन् । केही पालिकाले अनाथ बालबालिकालाई मासिक भत्ता दिन थालेका छन् भने केहीले अनाथको जिम्मा लिएका छन् । केही पालिकाले बाल हित कोष खडा गरेका छन् भने केही पालिकाले बालअधिकारको बहस आरम्भ गरेका छन् ।

### रचनात्मक कार्यहरु

केही पालिकाले सडक मानवरहित पालिका घोषणा गरेका छन् भने केहीले खरको छानामुक्त पालिका घोषणा गरेका छन् । केहीले खाद्यान्नको रासन कार्ड वितरण गरेका छन् भने केहीले एफएम र साप्ताहिक पत्रिका प्रकाशन आरम्भ गरेका छन् । केहीले पालिकाको स्वरुप नै फेर्ने गुरुयोजना लागू गरेका छन् भने केहीले व्यावसायिक बसपार्क निर्माण गरेका छन् ।

यसैगरी, केही पालिकाले सबै वडामा हेलिप्याड निर्माण गरेका छन् भने केहीले डिजिटल नक्सा पास आरम्भ गरेका छन् । केहीले प्रत्येक वर्ष प्रत्येक वडामा गरिबका लागि एक/एक घर निर्माण गर्ने अभियान आरम्भ गरेका छन् भने केहीले स्थानीय जडिबुटी संकलन, प्रशोधन गरी आयुर्वेदिक औषधि उत्पादन गर्ने काम आरम्भ गरेका छन् । केही पालिकाले एकीकृत घुम्ती सेवा सञ्चालन गरेका छन् भने केहीले आफूलाई नमूना पालिका घोषणा गरेका छन् ।

केही पालिकाले आफ्नो लोगो र गान सार्वजनिक गरेका छन् भने केहीले लैंगिक हिंसा निवारण कोष खडा गरेका छन् । केहीले बाल विवाह रोक्न विवाहमा पालिकाको अनुमति अनिवार्य गरेका छन् भने केहीले छोरी आत्मरक्षा र छोरी सुरक्षा कार्यक्रम लागू गरेका छन् । केही पालिकाले मदिरा र सुर्तीको बिक्री निषेध गरेका छन् भने केहीले कृषकले उपयोग गरेको विद्युत्को महशुल तिरी दिएका छन् ।

यस अतिरिक्त, केही पालिकाले कोशेली घर सञ्चालन गरेका छन् भने केहीले लगानी सम्मेलन गरेका छन् । केही पालिकाले लोक सेवा आयोगको परीक्षाको तयारी कक्षा सञ्चालन गरेका छन् भने केहीले शिक्षक सेवा आयोगको परीक्षाको कक्षा सञ्चालन गरेका छन् । केही पालिकाले टोलटोलमै योजना सम्झौता गर्न थालेका छन् भने केहीले घुम्ती न्यायिक सेवा सञ्चालन गरेका छन् । केही पालिकाले 'वाइफाई फ्री' जोनहरु बनाएका छन् भने केहीले युवाहरुलाई राजनीतिक अभ्यासको तालिम आरम्भ गरेका छन् ।

केही पालिकाले भ्रमण वर्ष घोषणा गरेका छन् भने केहीले पदयात्राका लागि आह्वान गरेका छन् । केहीले फुटपाथ खाली गराएका छन् भने केहीले इन्डक्सन चुल्हो बाँडेका छन् । केहीले पालिका तारा घोषणा गरेका छन् भने केहीले किसानलाई क्रेडिट कार्ड दिएका छन् । यसरी मुलुकभित्रका ७५३ वटा पालिकाहरुले राम्रा असल अभ्यास आरम्भ गरेका छन् ।

*-लेखक नेपाल सरकारका पूर्वसचिव हुन् ।*

# शौच गर्न झाडीतिर दौडन बाध्य शिक्षक–विद्यार्थी

मुगु- सरकार र वैदेशिक दातृ निकाय सबैले विद्यालय शिक्षा र पूर्वाधार सुधारका लागि लगानी बढाउँदै गरेको बताउँदै गर्दा दुर्गम जिल्लामा रहेका विद्यालयका शिक्षक तथा विद्यार्थी अझै पनि शौच गर्न झाडीतिर जान्छन् भन्दा अचम्म लाग्नसक्छ ।

२०७६ असोज १३ गते खुल्ला दिसामुक्तको मानक पूरा गर्ने नेपाल दक्षिण एसियाकै पहिलो देश भएको भन्दै खुला दिसामुक्त देश तामझामका साथ घोषणा गरिएको थियो भने मुगु जिल्लालाई पनि २०७५ जेठ २८ गते खुल्ला दिसामुक्त जिल्ला घोषणा गरिएको थियो। अझै पनि गाउँघर र विद्यालयतिर कसैलाई दिसापिसाब लागे पाखा, झाडी तथा जङ्गलतिर जानुपर्ने अवस्थामा देशलाई नै खुल्ला दिसामुक्त घोषणा गरियो भन्ने प्रश्न अनुत्तरित छ।

सरकार, दातृनिकाय र स्थानीय सरकारको कार्यालय रहेको जिल्ला सदरमुकाम गमगढीको शिर र पुच्छारमा अवस्थित दुई वटा विद्यालयका शिक्षक तथा विद्यार्थी अझै पनि दिसापिसाब गर्न झाडीतिर जाने गरेका छन् । छायाँनाथ रारा नगरपालिका वडा नं ५ माथि तुममा रहेको श्री आदर्श आधारभूत विद्यालय र सोही पालिकाको वडा नं १३ रुगा गाउँमा रहेको मालिका आधारभुत विद्यालयमा शौचालय नहुँदा अझै पनि शौच गर्न झाडीतिर जानुपरेको हो।

विद्यालय सरसफाइ तथा स्वच्छताका लागि विद्यालयहरूमा लाखौंको शौचालय बनाउने गैर सरकारी संस्था भए पनि छन् ती संस्थाको लगानीबारे प्रश्न उठ्न थालेको छ. नाम नछाप्ने सर्तमा एक शिक्षक भन्छन्, 'मुगुमा विद्यालय भवन बढीमा रु ३०/४० लाखका बन्छन् तर ती विद्यालयमा शौचालय भने रु ६०/६५ लाखमा बनाउने गैर सरकारी संस्था स्थानीय सामान बाहेक सबै आफैं ल्याउछन् । ती सामानका मूल्यको बिल विद्यालयले देख्नै पाउदैनन्।'

स्थानीय सरकार र गैर सरकारी संस्थान सबै कमिसनमै आकर्षित हुन्छन् । जुन विद्यालयमा कमिसन आउँछ वा पावरवाला व्यक्ति हुन्छन् उत्तै भौतिक संरचना बनाइन्छन् निरीह र पहुँच नपुग्ने विद्यालयका शिक्षक, विद्यार्थी चुहिने भवनमै बसेर पठन-पाठन र दिसापिसाब लागे झाडी चाहार्न बाध्य हुन्छन्।

> 'मुगुमा विद्यालय भवन बढीमा रू ३०/४० लाखका बन्छन् तर ती विद्यालयमा शौचालय भने रू ६०/६५ लाखमा बनाउने गैर सरकारी संस्था स्थानीय सामान बाहेक सबै आफैं ल्याउछन् । ती सामानका मूल्यको बिल विद्यालयले देख्नै पाउदैनन् ।'

नवआदर्श आधारभूत विद्यालयका शिक्षक विनोदकुमार मल्ल भन्छन्, 'विद्यालयमा शौचालय र पानीको लागि सहयोग माग्न नपुगेको कुनै संस्था, सरकारी निकाय बाँकी छैनन् । शौच गर्न बालबालिका झाडीतिर जाँदा लडेर हातखुट्टा भाँचिएका, चिप्लिएर चोटपटक लागेका कयौं घटना छन् । हामी शिक्षक पनि शौच गर्न तुम गाउँका स्थानीयवासीका शौचालय जान्छौं।'

मल्ल थप्छन्, 'गत वर्ष छायाँनाथ रारा नगरपालिकाले दुई कोठे विद्यालय भवन बनाइदियो यो वर्ष खानेपानी र शौचालय बनाइदिन्छौं भनेर नगरप्रमुखले भन्नु भएको छ हेरौं ।' उता मालिका आधारभूत विद्यालयमा पनि एक शौचालय थियो तर २०७९ असोजमा परेको पानीले पहिरो आउँदा शौचालय लग्यो। त्यसयता धेरै निकायमा शौचालय बनाइ दिन आग्रह गरे पनि कतै सुनुवाइ भएन। दिसापिसाब लाग्दा झाडी, जंगल र गाउँलेका निजी शौचालय जानुबाहेक अर्को विकल्प प्राध्यापक चन्द्रबहादुर शाही सुनाउछन् ।

सोही विद्यालयको कक्षा ५ मा अध्ययनरत अक्कल लावड भन्छन्, 'दिशापिसाब लागे घर वा झाडीतिर जान्छौं । झाडीतिर जाँदा डर लाग्ने गरेको र आफू एक चोटी दिशा गर्न झाडीमा जाँदा चिप्लिएर टाउकोमा चोट लागेको थियो ।'

यसैगरी कक्षा ४ मा अध्यनरत छात्र राजन रावत भन्छन्, 'दिसापिसाब गर्न बाहिर जाँदा पढाइ छुट्छ। सर्प र कीराको डर लाग्छ। उहाँ पनि कतिपटक दिसापिसाब गर्दा आफूलाइ चोट लागेको सुनाउछन्।' रुगाको विद्यालयमा एक सय ८५ विद्यार्थी अध्यनरत छन्। खुल्लारुपमा शौच गर्दा वातावरण प्रदूषित हुनाका साथै सरुवा रोग फैलने सम्भावना हुन्छ । समुदायलाई सकारात्मक शिक्षा दिनुपर्ने विद्यालयकै शिक्षकले खुल्ला ठाउँमा शौच गर्नु पर्दा लज्जित हुनुपरेको सम्बद्ध शिक्षकहरु बताउँछन्। *रासस*

# जग्गा माग गर्दै १६ हजार निवेदन

**फिक्कल-** राष्ट्रियभूमि आयोग इलाम शाखाकार्यालयमा १६ हजार छ सय २२ जनाले जग्गा प्राप्तिका लागि निवेदन दिएका छन्।

भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीलाई जग्गा वितरण गर्ने प्रकिया चलिरहँदा मंसिर २० सम्ममा आठ पालिकाबाट सो संख्यामा निवेदन प्राप्त भएको आयोगको शाखा कार्यालयका अध्यक्ष भक्त केसीले बताए । उनकाअनुसार केहीलाई जग्गाको धनीपूर्जा नै वितरण गरिएको छ भने बाँकीलाई जग्गाको निस्सा वितरण गरिँदैछ। देउमाई नगरपालिका र चुलाचुली गाउँपालिकाको बिवरण आउन बाँकी छ। तर चुलाचुलीमा चाँही यसअघि ४१ जनालाई धनीपूर्जा वितरण गरिसकिएको थियो ।

माङ्सेबुङ गाउँपालिकामा दुई हजार पाँच सय ३६ जनालाई जग्गाको निस्सा वितरण गरिएको छ । अन्य पालिकामा पनि निस्सा वितरणको क्रम सुरु हुँदै गरेको र केही पालिकाबाट विवरण आउन बाँकी रहेको केसीले बताए।

सबै विवरण आइसक्दा इलाममा भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीको संख्या २० हजार हाराहारी पुग्ने अनुमान गरिएको छ। कार्यालयको विवरणअनुसार सूर्योदयबाट दुई हजार एक सय ३१, रोङबाट एक हजार आठ सय ५६, माङ्सेबुङबाट दुई हजार पाँच सय ३६, माइजोगमाईबाट एक सय ८६, इलाम नगरबाट एक हजार आठ सय १६, सन्दकपुरबाट पाँच सय ८५, माईबाट सात हजार एक सय ५४, फाकफोथुमबाट तीन सय ५८ निवेदन आयोगमा आएका छन्। चुलाचुलबाट थप र देउमाइको विवरण आउनेक्रममा रहेको जिल्ला समन्वय समितिका सूचना अधिकारी कुमार निरौलाले जानकारी दिए।

जग्गाको निस्सा वितरण गरिएपछि उनीहरूको जग्गा नापजाँच गरिने आयोगले जनाएको छ । आयोगका अनुसार भूमिहीन दलित र भूमिहीन सुकुमवासीलाई सहरी क्षेत्र भए चार आना, सहरोन्मुख भए १० आना र गाउँमा भए पाँच रोपनी जमिन वितरण गरिन्छ तर आफ्नो नाममा जग्गा नभए पनि किन्न सक्ने आर्थिक अवस्था भएकालाई भने सुकुमवासीको परिभाषाभित्र नराखिएको आयोगले जनाएको छ।

अव्यवस्थित बसोबासीले भने केही राजस्व तिरेपछिमात्र जग्गा पाउनेछन् । अव्यवस्थित बसोबासीको हकमा १० वर्षदेखि निरन्तर बसोबास गरेको भए १९ रोपनीसम्म जग्गा दिने प्रावधान छ। *रासस*

## Suryodaya Municipality
# Fikkal Hospital
Fikkal, Ilam

## Invitation for Bid

First date of publication: 8th of December, 2023 (22th of Mangshir, 2080)

1. The Fikkal Hospital, Fikkal, Ilam has allocated funds towards the cost for supply as indicated in details of supply below and intends to apply part of the funds to cover eligible payments under the contract for supply as indicated in details of supply. Bidding is open to all eligible Nepalese bidders.

Details of Supply

| S. No. | Contract Identification No.: | Name of Supply : | Bid Security Amount NRs.: | Bid Document Fee NRs.: |
|---|---|---|---|---|
| 1 | FH/ILAM/NCB/ SUPPLY-080/081-01 | Supply and Delivery of Medicines Phase I | 100,000.00 | 3,000.00 |

2. Eligible bidders can participate in this bidding and may obtain further information and inspect the Bidding Documents through PPMO website www.bolpatra.gov.np/egp. Information regarding Financial Institution for Bid Document Fee and Bid Security is given below :

| Information to Deposit the Cost of Bidding Document in Bank: | Information to Deposit Bid Security in the Form of Cash : |
|---|---|
| Name of the Bank: Rastriya Banijya Bank, Fikkal Branch, Ilam | Name of the Bank: Rastriya Banijya Bank, Fikkal Branch, Ilam |
| Account Name: FIKKAL ASPATAL | Account name – PRATHAMIK SWASTHYA KENDRA FIKKAL |
| Account No.: 2100100002690001 | Account No.: 2100100001654001 |

3. General information related to Electronic Bids are :

| Pre-bid Meeting : | Last Date of Bid Submission : | Bid Opening : | Bid Validity : | Bid Security Validity Period : |
|---|---|---|---|---|
| Date: 29th of December, 2023 (13th of Poush, 2080) Time: 1:00 p.m. Place: Fikkal Hospital, Fikkal, Ilam | Date: 7th of January, 2024 (22nd of Poush, 2080) Time: 12:00 p.m. Place: Fikkal Hospital, Fikkal, Ilam | Date: 7th of January, 2024 (22nd of Poush, 2080) Time: 13:00 p.m. Place: Fikkal Hospital, Fikkal, Ilam | Minimum 90 days from the last date of bid submission. | Minimum 30 days beyond the bid validity period. |

4. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAIF MOHAMMED AL-AJMI CONTRACTING EST

LT. No.295960

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Work Shop Labour | 5 | 0 | 1000 | ३५,९८० | का.नि. अनुसार | ८ घण्टा | ६ दिन | का.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर २९ गते (15th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

Prince International Employment Service Pvt. Ltd.
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, E-mail : info@princeies.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MIDDLE EAST MANPOWER SERVICES

LT. No. 291710

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब AED | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Helpers | 14 | 0 | 1000 | ३६,०१० | का.नि. अनुसार | ८ घण्टा | ६ दिन | का.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Scaffolder | 42 | 0 | 1200 | ४३,२१५ | | | | | | | |
| 3 | Scaffolding Foreman | 5 | 0 | 2000 | ७२,०२५ | | | | | | | |
| 4 | Scaffolding Supervisor | 5 | 0 | 2500 | ९०,०३० | | | | | | | |
| 5 | Skilled Labor | 20 | 0 | 1200 | ४३,२१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर २९ देखि पौष ३ गते (15-19 Dec. 2023) सम्म हुनेछ । मोरङ, बेलबारी, वेमजोड ट्रेनिङ सेन्टरमा मिति: २०८० पौष ४ देखि ६ गते (20-22 Dec. 2023) सम्म हुनेछ ।
सम्पर्क मोरङको लागि: ९८०२०१०१९८/ ९८१९८६४६५६७ (Chandra Chemjong Limbu)

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

Munal Overseas Pvt. Ltd.
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4561297, 4568625, 9806758605

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : IPC INDUSTRIES SDN BHD

LT. No. 271999

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब RM | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 8 | 0 | 1500 | ४२,८८० | का.नि. अनुसार | ८ घण्टा | ६ दिन | का.नि. अनुसार | छैन | छ | ३ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर २९ गते (15th Dec. 2023) मा हुनेछ ।

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

MINAWA RECRUITMENT H.R. PVT LTD
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | E:-minawarecruitment@gmail.com | w:-www.minawarecruitment.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MONASTIC CLEANING & CONTRACTING WLL

LT. No. 288633

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब QR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUSINESS EXECUTIVE | 6 | 0 | 4000 | १२३२०३ | का.नि. अनुसार | ८ घण्टा | ६ दिन | का.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Data Analyzer | 9 | 0 | 2700 | ९६६६२ | | | | | | | |
| 3 | Foreman | 15 | 0 | 2500 | ८८५०२ | | | | | | | |
| 4 | GENERAL CLEAN WORKER | 17 | 10 | 1000 | ३५८०० | | | | | | | |
| 5 | Helper | 10 | 0 | 1000 | ३५८०० | | | | | | | |
| 6 | MANAGER VARIETY | 1 | 0 | 6000 | २१४८०४ | | | | | | | |
| 7 | Sales Supervisor | 1 | 0 | 3000 | १०७४०२ | | | | | | | |
| 8 | SUPERVISIOR | 8 | 2 | 2500 | ८८५०२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर २९ गते (15th Dec. 2023) मा हुनेछ ।

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

JALAJALA RECRUITMENT PVT.LTD
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
Mobile No. 9849007152, 9842695111, E-mail: jalajalarecru2017@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FACTORY ADIL BIN-FAHD BIN-NASIR ALABD-ALKARIM FOR CLOTHES

LT. No.290043

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलब SR | ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailor | 2 | 0 | 1500 | ५३,३७५ | का.नि. अनुसार | ८ घण्टा | ६ दिन | का.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर २९ गते (15th Dec. 2023) मा हुनेछ ।

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com

# प्रभाव दैनिक

## रूपशाला

### बलिउड अभिनेता ह्यारी नेपालमा

बलिउड अभिनेता ह्यारी जोशले नेपाली फिल्ममा अभिनय गर्न नेपाल आएका छन् । उनी बलिउडमा नकारात्मक भुमिकामा रूचाइएका कलाकार हुन् । 'वान्टेड', 'धूम २', 'वेलकम' जस्ता फिल्ममा अभिनय गरिसकेका उनी नेपाली फिल्म 'देव वाणी'मा देखिन लागेका हुन् । फिल्ममा अभिनय गर्न उनी बुधबार नेपाल आइसकेका छन् । उनलाई फिल्मको टिमले त्रिभुवन विमानस्थालमा खादा र मालाले स्वागत गरेको थियो । बिहीबार बिहानदेखि बालाजु ल्याबमा जोशको भागको छायांकन भैरहेको निर्देशक बाबु साहेव बलामीले बताए । करिब ६ दिन फिल्मको अन्तिम चरणको छायांकन हुनेछ ।



शुक्रबार, २२ मंसिर २०८० (Friday, December 8, 2023)

## पाण्डेको निर्देशनमा '११:५५' बन्ने



■ प्रभाव संवाददाता

काठमाडौं– नेपाली चलचित्र '११:५५' निर्माणको घोषणा गरिएको छ । पत्रकार सम्मेलनको आयोजना गर्दै केशव पाण्डेको कथा र निर्देशनमा तयार हुने चलचित्रमा महेश त्रिपाठी, सृष्टि श्रेष्ठ, सागर खनाल, करिष्मा श्रेष्ठ, बिशाल पहारी, बुद्धि तामाङ, एमएस अग्रजलगायतका कलाकारले अभिनय गर्ने जानकारी गराइएको हो ।

कलाकारसँगै पटकथा लेखकसमेत रहेका अग्रजले नेपाली चलचित्रमा केही फरक गर्ने प्रयास गरिएको बताए । उनले भने, 'क्राइम, सस्पेन्स र थ्रिलर विधालाई मिश्रण गरेर चलचित्रको पटकथा तयार भएको छ । अहिले आइरहेको भन्दा फरक गर्ने प्रयासमा यो समूह तयार गरिएको छ ।'

यसै चलचित्रमार्फत निर्देशकीय यात्रा प्रारम्भ गर्न लागेका निर्देशक पाण्डेले आफूलाई राम्रो दर्शकको रूपमा परिचय गराए । 'म धेरै चलचित्र हेर्छु । विगत दुई दशकदेखि चलचित्र निर्माण गर्ने योजनाअनुरुप आफूलाई तयार गरिरहेको थिएँ', निर्देशक पाण्डेले भने, 'यसमा कलाकारलाई नभई पात्रलाई दर्शकले स्मरण गर्नुहुनेछ । यसको हिरो नै कलाकार नभई कथा हो ।'

अभिनेता महेश त्रिपाठीले पछिल्ला चलचित्रमा निर्वाह गरेको भूमिकाभन्दा भिन्न पात्र र विधा भएकाले सहकार्य सम्भव भएको बताए । 'यसको विषयवस्तुमा नयाँपन हुनुका साथै कलाकारलाई दिइएको पात्र फरक छ । निर्देशक वा निर्माण समूह नयाँ देखिए पनि काम अनुभवीभन्दा कम छैन', अभिनेता त्रिपाठीले भने ।

अभिनेत्री श्रेष्ठले छायाँकन अगाडि भएको कार्यशालाले पात्रलाई जीवन्त बनाउन मद्दत गरेको बताइन् । 'मैले कथा पढ्दा नै अगाडि के होला ? भन्ने जिज्ञासा हुन्थ्यो । आफ्नो भूमिकामार्फत अभिनय क्षमता देखाउने प्रशस्तै अवसर छ । यसले मेरो करिअरमा नयाँ आयाम थप्नेमा विश्वस्त छु', अभिनेत्री श्रेष्ठले भनिन् ।

यसै चलचित्रमार्फत अभिनय यात्राको प्रारम्भ गर्न लागेका अभिनेता सागर खनालले चलचित्रसम्बन्धी अध्ययनका क्रममा सिकेका विषय अभिनयमार्फत पर्दामा ल्याउने बताए । उनले भने, 'चलचित्रकै विद्यार्थी भएकाले यो अवसरलाई पूर्णरूपमा सदुपयोग गर्ने छु । हामीजस्ता नयाँलाई काम देखाउने अवसर दिनुभएकामा कृतज्ञ छु । चलचित्रकर्मीले पुरानासँगै नयाँलाई अवसर दिएमा मात्र नयाँ प्रतिभा भित्रिने छन् ।'

विचित्र फिल्म्सको निर्माण तथा गुड जब आर्टस्को सहकार्यमा बन्ने चलचित्रको छायाँकन शनिबार बेलुकी ११:५५ बजेदेखि सुरु गरिने पत्रकार सम्मेलनमा जानकारी गराइयो । चलचित्रमा प्रद्युम्न मिश्रले छायाँकन, पासाङदावा शेर्पाले सम्पादन, अल्मोडा राना उप्रेती र कुशल आचार्यले सङ्गीत, कविराज गहतराजले नृत्य निर्देशन, देव महर्जनले द्वन्द्व निर्देशन र सुवासराज काफ्लेले प्रोडक्सन डिजाइनरको भूमिका निर्वाह गर्नेछन् । यसको छायाँकन तालिका ३५ दिन राखिएको छ ।

## घरमै इन्दिराको 'लक्खुम' सार्वजनिक

■ प्रभाव संवाददाता

काठमाडौं– पछिल्लो समय ठूला-ठूला तारे होटल र क्याफेहरुमा तामझामसहित पुस्तक विमोचन गर्ने चलन बढ्दै गएको छ । लेखक तथा कविहरुबीच नामकै लागि महँगो होटलहरुमा विमोचन गर्ने प्रतिस्पर्धा चलिरहेका बेला गजलकार इन्दिरा नेम्बाङ निङसाङले भने आफ्नो गजल संग्रहको विमोचन घरमै गरेकी छन् ।

गजलकार इन्दिराको लिम्बू भाषाको गजल संग्रह 'लक्खुम' अर्थात आँगन सार्वजनिक गरिएको छ । पाँचथर याङवरककी गजलकार इन्दिराको गजलसंग्रहलाई याङवरक गाउँपालिका अध्यक्ष भिमप्रसाद योङयाले लेखककै घरमा सार्वजनिक गरेका हुन् । गजल संग्रह सार्वजनिक गरिएको घरलाई निर्देशक तथा चर्चित हास्य कलाकार मौसम इम्बुङ 'फुलेन्देको बाउ' र गजलकार इन्दिराले 'याक्थुङ नमुना घर'का रुपमा नामांकन गरेका छन् । यो घर पाँचथरको याङवरक-५ याङसिङबुङमा छ ।



नामओती समुह याङसिङबुङद्वारा आयोजित गजलसंग्रह सार्वजनिक कार्यक्रममा पाँचथर जिल्लास्तरका पत्रकार तथा साहित्यकारहरुको बाक्लो उपस्थिति रहेको थियो । लेखक इन्दिराका अनुसार याङवरक गाउँपालिकामा गरिएको यो पहिलो साहित्यिक कार्यक्रम पनि हो । कार्यक्रममा एलबी नेम्बाङ, मधु केरुङ, पुष्पहाङ लोवा, महेन्द्र सेलिङ, बाबा मेन्याङबो, सबिन माबोलगायतले गजलसंग्रह 'लक्खुम'माथि चर्चा गरेका थिए ।

द मार्जिनले प्रकाशन गरेको गजलसंग्रह 'लक्खुम'लाई निश आङदेम्बेले सम्पादन गरेका छन् । कार्यक्रमको सञ्चालन कलाकार मौसम इम्बुङ (फुलेन्देको बाउ)ले गरेका थिए ।

## तामाङ सेलो संगीत महोत्सव हुने

काठमाडौं (प्रस)– तामाङ कलाकारहरु छाता संगठन नेपाल तामाङ कलाकार संघको आयोजनामा तामाङ मौलिक सेलो संगीत महोत्सबको तयारी तिव्र पारेका छन् ।

तामाङ मौलिक गीत, संगीत, सभ्यता र संस्कृतिको उत्थान तथा प्रबर्द्धन गर्ने मुख्य उदेश्य राखेर तेस्रो पटक महोत्सव गर्न लागेको संघका अध्यक्ष बिशाल काल्तानले जानकारी गराए । साथै उनले डम्फु संस्कृतिले तामाङहरुको उत्पत्ति र सभ्यताको विषयमा उजागर गर्ने अनि तिनै डम्फूको जगमा सिर्जित



सेलो संस्कृति र ताम्बा संस्कृतिको संरक्षण गर्न महोत्सवले टेवा पुऱ्याउने बताए । हराउँदै गएको तामाङ पहिचानलाई बचाउन साँस्कृतिक चिनारी डम्फू र ताम्बा संस्कृतिलाई राष्ट्रियकरण गर्न यो महोत्सवले महत्वपूर्ण भूमिका खेल्नेछ । मंसिर २९ र ३० गते बौद्ध चुचेपाटी स्थित हायत होटलको प्रांगणमा हुने उक्त महोत्सवको तयारी तिव्र बनाइरहेका छन् । साँस्कृतिक प्रस्तुतिहरु देखि प्राविधिक कार्यहरूको समेत तयारी करिब अन्तिम चरणमा पुगेको छ ।

महोत्सवमा साँस्कृतिक प्रस्तुतिहरुको साथमा बिभिन्न कला, संस्कृति, भेषभुषा र तामाङ पहिचान दिने बिभिन्न खानाका परिकारहरुको समेत स्टल रहनेछ । बौद्ध स्थित तामाङ संघसंस्थाहरुसंगको सहकार्यमा साँस्कृतिक र्‍याली सहित बागमती प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री बहादुर सिं तामाङको प्रमुख आतिथ्यतामा कार्यक्रमको उद्घाटन गर्ने संघका महासचिव खेम मोक्तानले जानकारी गराएका छन् ।

# रंगशाला

**नेपाल सुपर लिग**

## चितवनले अग्रता जोगाउन नसक्दा बुटवलसँग अंक बाँड्यो



■ प्रभाव संवाददाता

काठमाडौं– नेपाल सुपर लिग एनएसएलमा बिहीबार चितवनले बुटवल लुम्बिनीसँग बराबरी खेलेको छ ।

प्राप्त अग्रतालाई जोगाउन नसक्दा चितवनले बुटवलसँग १-१ गोलको बराबरी खेल्दै अंक बाँडेको हो । खेलको इन्जुरी समयको पहिलो मिनेटमा स्टेफन समिर बियोडले गोल गर्दै बुटवललाई एक अंक दिलाउन सफल रहे । मणी लामाले निकालेको पासमा चितवनका डिफेन्डरको बीचबाट बियोडले चलाखीपूर्ण गोल गर्न सफल रहे । जुन गोलमा चितवनका डिफेन्डर र गोलकिपरको समन्वयको अभावले समेत सहयोग गऱ्यो ।

पहिलो हाफ बराबरीमा सकिएको खेलमा अग्रता भने चितवनले उत्सव राईको गोलमा लिएको थियो । दोस्रो हाफ सुरु भएको तेस्रो मिनेटमा उत्सवले लामो दुरीबाट प्रहार गरेको बल पोस्ट भित्र छिरेको थियो । बुटवलका गोलकिपर मोहमदको कमजोर किपिङमा उत्सवको प्रहारले जाली चुमेको थियो ।

खेलको अन्तिम समयमा बियोडले गोल गर्दै बुटवललाई महत्वपूर्ण एक अंक दिलाउन सफल रहे । दोस्रो हाफमा सुधारिएको प्रर्दशन गरेको बुटवलका केही राम्रा अवसर गोलमा परिणत हुन सकेका थिएनन् ।

बुटवलले चार खेलबाट ४ अंक जोडेको छ । चितवनले चार खेलबाट ५ अंक जोडेको छ । उक्त लिगअन्तर्गत आज (शुक्रवार) वीरगञ्ज युनाइटेड फुटवल क्लब र झापा फुटवल क्लबबीच प्रतिस्पर्धा हुनेछ । उक्त खेल साँझ ५ बजेदेखि सुरु हुनेछ ।

## दसौं राष्ट्रिय खेलकुद निर्धारित मितिमै हुने

■ प्रभाव संवाददाता

काठमाडौं– दसौं राष्ट्रिय खेलकुद तोकिएकै मितिमा आयोजना हुने युवा तथा खेलकुद मन्त्री डिग बहादुर लिम्बुले बताएका छन् । कर्णाली प्रदेशको राजधानी सुर्खेतमा निर्माणाधीन रंगशालाको अवलोकन गर्ने क्रममा भवितव्य परेको अवस्थामा बाहेक निर्धारित मितिमै प्रतियोगिता हुने बताएका हुन् ।

निर्माण भइरहेको रंगशाला र अन्य भौतिक पूर्वाधार निर्माणमा प्रदेश सरकारको लगानी तथा प्रदेश खेलकुद परिषद्को सक्रियता प्रति धन्यवाद दिँदै उनले अब पूर्वाधारको अभावमा प्रतियोगिता प्रभावित नहुने विश्वास व्यक्त गरे ।

त्यस क्रममा राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिङले २०८१ मसिरमा दसौं राष्ट्रिय खेलकुद सम्पन्न गर्न राज्यका तीनै तहको उत्तिकै भूमिका रहने बनाए ।

दसौं राष्ट्रिय खेलकुदको पूर्व तयारीका लागि आवश्यक परामर्शका लागि सुर्खेत पुगेको युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद्को टोलीले रंगशालाको अवलोकन गरेको थियो । आठ विगाह क्षेत्रफलमा निर्माण भइरहेको रंगशालाको हालसम्म ७० प्रतिशत बढी काम सम्पन्न भएको प्रदेश खेलकुद परिषद्का सदस्य सचिव विश्वामित्र सन्ज्यालले जानकारी दिए । आगामी जेठ भित्र सम्पन्न गर्ने गरि काम भएको भन्दै सन्ज्यालले बहुउद्देश्यीय सहित मार्सल आर्ट र व्याडमिन्टनका समेत तीन वटा कभर्डहल निर्माण भएको जानकारी दिए ।

**लिटल फलावर प्रिमियर लिग**

## टिकापुर र सत्यवती एकेडेमीको जित



■ प्रभाव संवाददाता

कैलाली– धनगढीमा जारी लिटल फ्लावर प्रिमियर लिग एलपिएलको आठौं संस्करण अन्तर्गत पाँचौ दिन युथ अफ टिकापुर र सत्यवती एकेडेमी विजयी भएका छन् । युथ अफ टिकापुरले शारदा सेकेण्डरी स्कुललाई तथा सत्यवती एकेडेमीले जेएस स्पोर्ट्स ११ सुपर स्टार्सलाई पराजित गरेका छन् ।

बिहीबार पहिलो खेलमा युथ अफ टिकापुरले विजयी सुरुवात गर्ने क्रममा शारदा सेकेण्डरी स्कुललाई ९४ रनले पराजित गऱ्यो । युथ अफ टिकापुरले दिएको १ सय ९० रनको लक्ष्य पछ्याएको शारदाले २० ओभर ब्याटिङ गर्दै ६ विकेट गुमाएर ९५ रन मात्र बनायो ।

शारदाको ब्याटिङमा सुशान्त खत्रीले सर्वाधिक ३७ तथा सुवास सिंहले १६ रन योगदान दिए । युथ अफ टिकापुरका प्रकाश जैसीले ३ विकेट लिए भने मोहम्मद हुसेन, प्रेम शाह र सुमित महर्जनले १-१ विकेट लिए ।

यसअघि टस जितेर ब्याटिङ गरेको युथ अफ टिकापुरले १७ दशमलव ५ ओभरमा सबै विकेट गुमाएर १ सय ८९ रन बनायो । युथ अफ टिकापुरका कप्तान प्रेम शाहले सर्वाधिक ४८ रन बनाए। प्लेयर अफ द म्याच घोषित शाहले ३७ बलमा ७ चौका प्रहार गरे । यस्तै सुमित महर्जनले ३४, हरि चौहानले २५, प्रदिप ऐरीले २४ तथा मोहम्मद हुसेनले २३ रन बनाए ।

शारदाका विश्वास पन्त एक्लैले ६ विकेट लिए । उनले ३ दशमलव ५ ओभरमा ३१ रन खर्चिए । अभिषेक मल्लले २ तथा सुशान्त कार्कीले १ विकेट लिए । दोश्रो खेलमा सत्यवती एकेडेमीले विजयी सुरुवात गर्ने क्रममा जेएस स्पोर्ट्स ११ लाई ३ विकेटले पराजित गऱ्यो ।

जेएस स्पोर्ट्स ११ ले दिएको ९९ रनको लक्ष्य सत्यवतीले १२ दशमलव ५ ओभरमा ७ विकेट गुमाएर पुरा गऱ्यो । सत्यवतीको लागि ओपनर इमरान शेखले सर्वाधिक ३४ रन योगदान दिए । उनले २४ बलमा ५ चौका र १ छक्का प्रहार गरे। समिर कार्कीले १३ तथा खगेन्द्र जोशी ११ रन बनाए । जेएस स्पोर्ट्स ११ का बलर राज बमले ३, नितिश न्यौपानेले २ तथा साजन बिटालुले १ विकेट लिए ।

यसअघि टस जितेर ब्याटिङ गरेको जेएस स्पोर्ट्स ११ सुपर स्टार्सले २० ओभरमा ९ विकेट गुमाएर ९८ रन बनायो । जेएस स्पोर्ट्स ११ को लागि राजेश साउदले सर्वाधिक १९ तथा सुनिल चन्दले १७, रोयल बमले ११ तथा साजन बिटालुले ११ रन बनाए ।

सत्यवती एकेडेमीको बलिङमा अभिषेक कोइरालाले ३ विकेट लिए । फिर्दोश अन्सारी, रंजित कुमार र सन्तोष कार्कीले समान २-२ विकेट लिए। प्लेयर अफ द म्याच घोषित भएका अभिषेकले ४ ओभरमा १५ रन खर्चिए ।

प्रतियोगिता अन्तर्गत छैठौं दिन बिहान ९ बजे युथ अफ टिकापुर र धनगढी क्रिकेट एकेडेमी तथा दोश्रो खेल दिउँसो १ बजे धनगढी स्पोर्ट्स क्लब र शुक्लाफाँटा ब्ल्याकब्क्सबीच प्रतिस्पर्धा हुनेछ । लिटल फ्लावर स्पोर्ट्स क्लबको आयोजनामा सुरु भएको प्रतियोगिताको यो आठौं संस्करण हो। प्रतियोगिताको उपाधि विजेताले दुई लाख ५५ हजार र उपविजेताले एक लाख २८ हजार रुपैयाँ पुरस्कार पाउने छन् । प्रतियोगितामा काठमाडौं, रौतहट, दाङ, कैलाली र कञ्चनपुरका गरी १६ वटा टिमको सहभागिता रहेको छ ।

# रुसमाथि बेलायतले लगायो साइबर जासुसीको आरोप



लन्डन– बेलायत सरकारले बिहीबार रुसी सुरक्षा सेवामाथि आफ्ना शीर्ष राजनीतिज्ञ, पत्रकार र गैरसरकारी संस्थाहरूविरुद्ध लगातार साइबर जासुसी अभियानमा संलग्न भएको आरोप लगाएको छ । रुसमाथि यसअघि पनि बेलायतको राजनीतिमा हस्तक्षेप गरेको आशंका गरिएको छ । विभाजनकारी २०१६ ब्रेक्सिट जनमत संग्रहमा रुसले हस्तक्षेप गरेको आशंका छ । यद्यपि उक्त हस्तक्षेपको अनुसन्धानमा असफल रहेकामा कन्जरभेटिभ सरकारको आलोचना गरिएको छ ।

पछिल्लो दावीमा बेलायती विदेश मन्त्रालयले रुसको संघीय सुरक्षा सेवा (एफएसबी) बेलायतको राजनीतिक प्रक्रियाहरूमा हस्तक्षेप गर्ने असफल प्रयासको पछाडि थियो भन्दै उक्त मामिलाबारे लन्डनमा रुसका राजदूतलाई बोलाइएको बताएको छ ।

'बेलायतको राजनीतिमा हस्तक्षेप गर्ने रुसका प्रयासहरू सम्पूर्णरूपमा अस्वीकार्य छ र उसले हाम्रो लोकतान्त्रिक प्रक्रियाहरूलाई जोखिममा पार्न खोजेको छ', बेलायतका विदेशमन्त्री डेभिड क्यामरुनले एक विज्ञप्तिमा भने, 'हामी जिम्मेवार व्यक्तिहरूमाथि प्रतिबन्ध लगाएर र आज रुसी राजदूतलाई बोलाएर प्रभाव पार्ने उसको कुत्सित प्रयासहरू उजागर गर्दैछौं र रुसले विश्वव्यापी मञ्चमा कसरी कामको छनोट गर्छ भनेर उदाहरणका लागि प्रकाश पार्दैछौं ।'

क्यामरुनको कार्यालयले सेन्टर १८ (एफएसबीभित्रको एकाइ) बेलायतलाई लक्षित गर्ने 'साइबर जासुसी कार्यहरूको दायरा' का लागि जिम्मेवार रहेको बताएको छ । एफएसबीले धेरै राजनीतिक दलका सांसदहरूलाई लक्षित गरेको र केही साइबर हमलाका कारण कम्तीमा सन् २०१५ देखि सन् २०२३ सम्म एउटा अपरेसनमा कागजातहरू (लिक) चुहावट भएको बेलायत सरकारले दावी गरेको छ ।

विज्ञप्तिमा उक्त संठनले बेलायत-अमेरिका व्यापार कागजातहरू पनि ह्याक गरेको र यो स्न २०१९ डिसेम्बरमा बेलायतमा आमनिर्वाचन हुनुभन्दा पहिला लिक गरिएको उल्लेख छ ।

दुई रुसी गुप्तचरमाथि कथित स्पियर-फिसिङ अभियान र 'बेलायतलाई कमजोर पार्ने उद्देश्यका गतिविधि' को तयारीमा संलग्न भएको भन्दै प्रतिबन्ध लगाइएको विदेश मन्त्रालयले बताएको छ । स्पियर-फिसिङमा एक हमलाकारीले विशिष्ट लक्ष्यहरूलाई 'संवेदनशील जानकारी साझा गर्न प्रेरित गर्नका लागि' दुर्भावनापूर्ण लिंक पठाउँछ ।

बेलायतको राष्ट्रिय साइबर सुरक्षा केन्द्रका अनुसार हमलाकारीले प्राय उसको हमलालाई अझ धेरै प्रभावकारी हुनले तयार गर्नका लागि 'आफ्नो लक्ष्य वरपर जासुसी गतिविधि' गर्दछ । तिनीहरू सामान्यतया इमेल, सामाजिक सञ्जाल र व्यावसायिक नेटवर्किङ प्लेटफर्महरूमार्फत लक्ष्यहरूमा पुग्छन्, तिनीहरूले लक्ष्यहरूको वास्तविक-विश्व सम्पर्कको रूप धारण गर्दै सम्मेलन र कार्यक्रमहरूमा झुटा निमन्त्रणा पठाउँछन् र जुम बैठक युआरएल लिंकको भेषमा खराब लिंक साझेदारी गर्छन् । *रासस/एएफपी*

## बालविवाहमा ३९ प्रतिशत वृद्धि

ढाका– अन्तरराष्ट्रिय उद्धार समिति (आईआरसी)ले बुधबार सार्वजनिक गरेको अध्ययनले बंगलादेशमा बालविवाहमा ३९ प्रतिशतले वृद्धि भएको खुलासा गरेको छ । अत्यधिक प्रकोप-प्रवण र जलवायु-संवेदनशील तटीय क्षेत्रहरूमा हुने गरेका बालविवाहमा ३९ प्रतिशतले वृद्धि भएको तथ्यांक देखिएको छ । बंगलादेशका थुप्रै तटीय समुदायमा जलवायु परिवर्तनको प्रभावमा जबरजस्ती बसाईंसराइ, चरम गरिबी, बढ्दो लैंगिक हिंसा, शिक्षामा सीमित पहुँच र खाद्य सुरक्षा चुनौतीलगायतका कारणले बालविवाह गर्न बाध्यता सृजना भएको आईआरसीले उल्लेख गरेको छ ।

अध्ययनले विगत दुई दशकमा बाढी र चक्रवातजस्ता प्रकोपमा भएको वृद्धि पनि बढ्दो बालविवाहको एक प्रमुख कारण मानेको छ । यस्ता विभिन्न किसिमका कारणहरू सृजित समस्याहरूलाई सम्बोधन गर्न आईआरसीले विकसित स्थितिको मूल्याङ्कन गरिरहेको र जलवायु परिवर्तन र जलवायु-प्रेरित प्रकोपहरूबाट बालबालिकालाई हुन सक्ने प्रत्यक्ष क्षतिबाट जोगाउन उपलब्ध स्रोतसमेत परिचालन गरिरहेको बताएको छ ।

आईआरसी बंगलादेशकी निर्देशक हसिना रहमानले भनेकी छिन्, 'आज बंगलादेशमा विहाह योग्य उमेर हुँदै गरेका आधा केटीहरूको १८ वर्ष नपुग्दै विवाह हुने गरेको पाइएको छ भने, २२ प्रतिशत केटीहरूको १५ वर्षको उमेर अघि नै विवाह हुने गरेको पाइएको छ ।'

'यद्यपि, खाद्य असुरक्षा र गरिबी, अनियमित वर्षाको ढाँचा, बढ्दो तापक्रम, र बढ्दो आवृत्ति र प्रकोपहरूको तीव्रताको सामना गरिरहेका तटीय क्षेत्रहरूमा बस्ने केटीहरूको लागि यो अवस्था अझ बढी अस्थिर र दर्दनाक छ,' निर्देशकले भनेकी छिन् । यसैबीच आईआरसीले जलवायु परिवर्तन सृजित समस्याहरूलाई सम्बोधन गर्न दिगो कोष स्थापना गर्न र यस जटिल संकटलाई सम्बोधन गर्न सरकार, दाता र गैरसरकारी संस्थाहरूबाट तत्काल सहयोगको लागि आह्वानसमेत गरेको छ । *रासस/सिन्ह्वा*


**चम्पादेवी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**कालिका, ओखलढुंगा**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(सूचना प्रकाशित मिति २०८०/०८/२२)

चम्पादेवी गाउँपालिकाको कार्यालय कालिका ओखलढुंगामा मिति २०८०/०७/०३ गते तपसिल बमोजिम कार्य सम्बन्धी (e-Bid) बोलपत्र मार्फत आव्हान बारे सूचना प्रकाशित भए बमोजिम पेश भएका बोलपत्रहरु तपशिलका बोलपत्र दाता न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही देखिएकाले स्वीकृतिको लागि छनौट गरि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्वन्धित सबै बोलपत्र दाताहरुको जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| 1 | CDRM/Okhaldhunga/Works/NCB /01/080/081 | Bilandu Dalidada Talkharka Hudai Shreechaur Sadak Istarunnati yojna | Gadur Construction and Suppliers Pvt.Ltd, Golanjor-3, Sindhuli | Nrs. 33,70,508/- |
| 2 | CDRM/Okhaldhunga/Works/NCB /02/080/081 | Silkhu rancha Taauke hudai fediguth sadak nirman yojna | Gadur Construction and Suppliers Pvt.Ltd, Golanjor-3, Sindhuli | Nrs.34,88,580/- |

नि.प्रमुख प्रशासकीय अधिकृत



**सोलुदुधकुण्ड नगरपालिकाको**
**नगर कार्यपालिकाको कार्यालय**
सल्लेरी, सोलुखुम्बु
कोशी प्रदेश नेपाल

**बोलपत्र आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति २०८०/०८/२२

यस कार्यालयबाट तपशिलमा उल्लेखित निर्माण कार्यहरु बोलपत्रको माध्यमबाट सम्पन्न गराउनु पर्ने भएकोले उक्त कार्य गर्न इच्छुक फर्महरुबाट रितपूर्वकको बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

| बोलपत्र नं. | विवरण | बिडवण्ड बापतको रकम | बोलपत्र दस्तुर | लागत अनुमान | बोलपत्र खरीद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|
| 03-NCB-SDM-2080/081 | फोहोर मैला व्यवस्थापन पूर्वाधार निर्माण, सोलुदुधकुण्ड नगरपालिका वडा नं. ७ | १,१०,०००।- | ३०००।०० | ४९,९४,६५६।६२ (भ्याट सहित) | सूचना प्रकाशित मितिले ३० दिनभित्र । | ३१औं दिनको ठीक १२:०० बजेसम्म | ३१औं दिनको दिउँसो २:०० बजे |
| 04-NCB-SDM-2080/081 | जन जागृति माध्यामिक विद्यालयको खेल मैदान निर्माण , सोलुदुधकुण्ड नगरपालिका वडा नं. ५ | ६५,०००।- | ३०००।०० | ३०,०३,९५०।५२ (भ्याट सहित) | सूचना प्रकाशित मितिले ३० दिनभित्र । | ३१औं दिनको ठीक १२:०० बजेसम्म । | ३१औं दिनको दिउँसो २:०० बजे |

- बोलपत्र साथ मु.अ. कर दर्ता फर्म, संस्था वा कम्पनी दर्ता , व्यवसाय दर्ताको इजाजत र आ.व. ०७८/०७९ को कर चुक्ता पत्र अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ । उक्त आ.वको कर चुक्ता नभए म्याद थप भएको प्रमाण सलग्न गर्नु पर्नेछ ।
- श्री राष्ट्रिय बाणिज्य बैंक सल्लेरी सोलुखुम्बुमा रहेको सोलुदुधकुण्ड नगरपालिकाको धरौटी खाता नं २०२०१००३०३००००५ मा नगद दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको १२० दिनको म्याद भएको बैंक जमानत पेश गर्नु पर्नेछ ।
- बोलपत्र सम्बन्धी अन्य विस्तृत कुराहरु बुझ्न परेमा यस कार्यालयको फोन नं ०३८-५२०२६४ मा वा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ वा यस कार्यालयको वेभ साइट ध्धध.कयगिमगमजपगलमकगल.नयख.लउ मा हेर्न सकिनेछ ।
- बोलपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट खरिद तथा दाखिला हुनेछ ।



**कुवेतमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : GLITZ LOUNGE LADIES BEAUTY SALON COMPANY
पूर्व स्वीकृति मिति २०८०/०५/०७ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०८/२१ | LT. No 291345 | चलानी नं. [illegible]

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्ताका काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 1 | 150 | ६४,६६५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Manicure & Pedicure | 0 | 2 | 150 | ६४,६६५ | | | | | | | |
| 3 | Receptionist | 0 | 1 | 150 | ६४,६६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर २९ गते (15th Dec. 2023) मा हुनेछ ।

**Pari Overseas Pvt. Ltd.**
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com



**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : TIKRIT LOGISTICS SERVICES CORPORATION
पूर्व स्वीकृति मिति २०८०/०८/२० | LT. No. 296018 | चलानी नं. [illegible]

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्ताका काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver | 1 | 0 | 1700 | ६०,४९० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर २९ गते (15th Dec. 2023) मा हुनेछ ।

**DOTI OVERSEAS PVT. LTD.**
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel :9851062705
E-mail : sec.dotioverseas@gmail.com, website:www.dotioverseas.com.np



**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : ADEL MOHAMMED MANEA AL-ROUDHAN SWEETS AND CHOCOLATE FACTORY
पूर्व स्वीकृति मिति २०८०/०७/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०८/२१ | LT. No. 294218 | चलानी नं. [illegible]

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्ताका काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | PACKAGING AND WRAPPING WORKER | 7 | 0 | 1000 | ३५,५८० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर २९ गते (15th Dec. 2023) मा हुनेछ ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : SALEH MOHAMMED SALEH AL-MALAQ ESTABLISHMENT TO SERVE DRINKS
पूर्व स्वीकृति मिति [illegible] | पुन विज्ञापन स्वीकृति मिति २०८०/०८/२१ | LT. No. 279977 | चलानी नं. [illegible]

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्ताका काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 1 | 0 | 1200 | ४२,६९५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर २९ गते (15th Dec. 2023) मा हुनेछ ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : LAMAT AHIL RESTAURANT FOR SERVING MEALS
पूर्व स्वीकृति मिति २०८०/०८/१९ | LT. No. 295869 | चलानी नं. [illegible]

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्ताका काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plumber (Grade A) | 1 | 0 | 1500 | ५३,४५५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० मंसिर २८ गते (14th Dec. 2023) मा हुनेछ ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



**वर्गीकृत विज्ञापन संकलन काउन्टर**

पशुपति विज्ञापन सेवा - सोह्खुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मल: स्टेशनरी- गट्टाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला - ११८६०० | प्रति तोला - ११८०५० | प्रति तोला - १४६० |



**चिज भण्डारण** | इलामको सूर्योदय नगरपालिका-३ स्थित लक्की डेरी उद्योगका सञ्चालक तुलु तामाङ आफ्नो उद्योगमा उत्पादित चिज देखाउँदै । पछिल्लो समय बजारमा चिजको बिक्री घटेको उनले जनाए । *तस्बिर : रामकुमार लिम्बू/रासस*

# राष्ट्रिय औद्योगिक व्यापार मेला सुरु

■ प्रभाव संवाददाता

**गण्डकी-** पोखरा उद्योग वाणिज्य सङ्घद्वारा आयोजित ३२औँ राष्ट्रिय औद्योगिक व्यापार मेला आजदेखि सुरु भएको छ । पोखराको नयाँबजारस्थित प्रदर्शनी केन्द्रमा सञ्चालित मेलाको गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले उद्घाटन गरे ।

सो क्रममा उनले पोखरालाई छिट्टै पर्यटकीय राजधानी घोषणा गरिने बताए । 'पर्यटकीय राजधानी घोषणाका लागि अध्ययन कार्यदल बनेको छ, त्यसको प्रतिवेदन आइसकेपछि, आवश्यक पूर्वाधार तयारीमा हामी लाग्छौँ', मुख्यमन्त्री पाण्डेले भने, 'पोखरा देशकै पर्यटनको केन्द्रका रूपमा स्थापित हुनेछ, सबै पक्षको साथ सहयोग रह्यो भनेमात्र हामी यसमा सफल हुन्छौँ ।'

उनले फेवातालको मापदण्ड मिचेर बनाइएका अवैध संरचना हटाउन भनी सर्वोच्च अदालतले दिएको आदेश कार्यान्वयनमा प्रदेश सरकार प्रतिबद्ध रहेको बताए । 'यो स्थानीय, प्रदेश र सङ्घ तीनै तहका सरकारसँग जोडिएको विषय हो, अदालतको फैसला कार्यान्वयन गर्नुको विकल्प छैन', मुख्यमन्त्री पाण्डेले भने, 'सम्बन्धित पक्षहरूसँग आवश्यक छलफल गरेर समाधान निकाल्नुपर्ने आवश्यकता छ ।'

उनले उद्योगी-व्यवसायीको हितका लागि नीति निर्माणदेखि आवश्यक सहयोग गर्न प्रदेश सरकार तयार रहेको उल्लेख गरे । मुख्यमन्त्री पाण्डेले बेरोजगारीको समस्याले युवा पलायनको अवस्था भोग्नुपरेको बताए । बेला-बेलामा आयोजना हुने मेला महोत्सवले स्थानीय अर्थतन्त्र चलायमान बनाउन मद्दत पुग्ने उनले बताए ।

गण्डकी प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री दीपेन्द्रबहादुर थापाले मेला महोत्सवले आर्थिक गतिविधि बढ्ने विश्वास व्यक्त गरे । मन्दीको चपेटामा परेका उद्योग, व्यवसायीलाई महोत्सवले थोरै भए पनि राहत पुग्ने उनले विश्वास व्यक्त गरे ।

पोखरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष पवनकुमार प्रजापतिले औद्योगिक, सूचना, प्रविधि, कृषिजन्य, हस्तकलालगायत उत्पादनको प्रवर्द्धन तथा बजारीकरणका लागि मेला आयोजना गरिएको बताए । उनले शिथिल अवस्थामा रहेको अहिलेको अर्थतन्त्रलाई गति दिन मेलाले सघाउने विश्वास व्यक्त गरे ।

मेलामा रु ९० लाख आम्दानी हुने र रु ८० लाख खर्च हुने अनुमान गरिएको अध्यक्ष प्रजापतिले बताए । मेलाबाट बचत भएको पैसा उद्यमशीलता प्रवर्द्धन र व्यवसायीहरूको क्षमता विकासमा खर्च गरिने जनाइएको छ । गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका र नेपाल पर्यटन बोर्ड प्रवर्द्धक रहेको उक्त मेलामा दुई सय ५० स्टल व्यावसायिक स्टल रहेको आयोजकले जनाएको छ । मेलामा दैनिकरूपमा कलाकारहरूको प्रस्तुतिसहित सांस्कृतिक कार्यक्रम सञ्चालन गरिने भएको छ ।

# 'अर्थतन्त्रको सुधारमा नयाँ घोषणाको तयारी'

■ प्रभाव संवाददाता

**काठमाडौं-** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपाललाई लगानीको गन्तव्य बनाउनका लागि आवश्यक कानुनी तथा नीतिगत आधार तयार गर्न सरकार प्रतिबद्ध रहेको बताएका छन् । राष्ट्रिय व्यावसायिक पहल (एनबिआई)ले बिहीबारदेखि राजधानीमा आयोजना गरेको दुईदिने 'चौथो जिम्मेबार व्यवसाय सम्मेलन'को उद्घाटन गर्दै दाहालले अर्थतन्त्रलाई चलायमान बनाउन सरकारले विभिन्न आर्थिक कार्यक्रम अगाडि सारेको बताए ।

संयुक्त अरब इमिरेट्स (युएई)मा हालै आयोजित 'बिजनेस समिट' मा आफूले नेपाललाई लगानीको गन्तव्य बनाउन आग्रह गरेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले नेपाललाई व्यावसायिकरुपमा सफल बनाउन व्यवसायी र समाजलगायत सबै सरोकारवाला जिम्मेवार बन्नुपर्नेमा जोड दिए ।

जिम्मेबार व्यावसायिक अभ्यास नैतिक सामाजिक दृष्टिकोणबाट मात्र नभई व्यावसायिक रणनीतिका हिसाबले पनि फाइदाजनक छ, जिम्मेवार अभ्यासहरुमार्फत व्यवसायले दिगो विकासमा योगदान दिन र समाजमा सकारात्मक प्रभाव सिर्जना गर्न सक्छन्', उनले भने । मुलुकको प्रमुख साझेदार निजी क्षेत्रमात्र होइन, सरकार र राज्यका सबै निकाय उत्तिकै जिम्मेवाररुपमा प्रस्तुत हुन आवश्यक रहेको जनाउँदै प्रधानमन्त्री दाहालले सुशासन र भ्रष्टाचार नियन्त्रणमा सरकारले चालेको कदममा सबैको साथ र सहयोगका लागि आग्रह गरे ।

अर्थतन्त्रका क्षेत्रमा देखिएको विद्यमान दबाबलाई चिर्न र देशभित्र लगानीको वातावरणसहित आशाको रक्तसञ्चार गर्न आफूले लगातार प्रयास गर्दै आएको



जानकारी दिँदै उनले अर्थतन्त्रमा सुधार ल्याउन केही दिन पहिला मात्र सरकार, निजी क्षेत्र र आर्थिक क्षेत्रका विज्ञसँग बृहत् अन्तर्क्रिया गरिएको बताए । 'अन्तर्क्रियापछि केही महत्वपूर्ण घोषणासमेत गरिएको छ, मेरो विश्वास छ- उक्त अन्तर्क्रिया र घोषणाले अर्थतन्त्रमा सुधार ल्याउन महत्वपूर्ण भूमिका खेल्नेछ', प्रधानमन्त्री दाहालले भने ।

तथ्यांक हेर्दा अर्थतन्त्रमा सुधारको अनुभूति हुँदै गए पनि आमजनतामा आशाको रक्तसञ्चार सिर्जना गर्न अझै मेहनत गर्नपर्ने परिस्थिति रहेको बताए । 'त्यसकारण अर्थतन्त्र सुधारमा केन्द्रित रहेर अझ बृहत् बैठक र केही नयाँ घोषणसमेत गर्ने तयारी गरिरहेको छु', उनले भने, 'यहाँहरुको सक्रिय सहभागिता, महत्वपूर्ण सुझाव र कार्यान्यवनमा जिम्मेवारी बोध एवं तत्परता रहनेछ भन्ने विश्वास लिएको छु ।'

शासकीय सुधारका विषयमा केन्द्रित रहेर बुधबार सरकारका बहालवाला र पूर्वराष्ट्रसेवक कर्मचारीको बृहत् गोष्ठीको आयोजना गरिएको जानकारी दिँदै उनले त्यसबाट महत्वपूर्ण सुझाव र दिशानिर्देश प्राप्त भएको बताए । शासकीय सुधारका क्षेत्रमा केही नयाँ गर्न सकिएको अवस्थामा त्यसको प्रत्यक्ष प्रभाव अर्थतन्त्रमा देखिने उनको विश्वास छ ।

प्रधानमन्त्री दाहालले सम्मेलनमा विभिन्न क्षेत्रका विज्ञले प्रस्तुत गर्ने कार्यपत्र र छलफलबाट उद्यमी व्यवसायी, सरोकारवाला सहभागी सबै लाभान्वित हुनुका साथै प्राप्त सुझाव तथा छलफलले नीति निर्माणमा सहयोग पुग्ने अपेक्षा गरे । कार्यक्रमले सरकार, निजी क्षेत्र र समाजका अग्रणी निकायलाई एकै मञ्चमा ल्याएर जिम्मेवार बन्नुपर्छ भन्ने सन्देश प्रवाह गर्न सफल हुनेछ, उहाँको विश्वास छ ।

प्रधानमन्त्री दाहालले सम्मेलन मुलुकको अर्थतन्त्रसामु देखिएको दबाब सम्बोधन गर्दै सामाजिक न्याय, सुशासन र समृद्धिको प्राथमिकता र लक्ष्य प्राप्तिमा सहायक सिद्ध हुने विश्वास व्यक्त गरे । एनबिआइका अध्यक्ष कुशकुमार जोशीले जिम्मेबार व्यवसायका लागि राज्य, व्यवसायी र सरोकारवालाको उत्तिकै महत्वपूर्ण भूमिका रहेको बताए ।

'व्यावसायिक आचारसंहिताको पालना र जिम्मेवार व्यवसाय' भन्ने मूल नारा रहेको सो कार्यक्रममा समाज, वातावरण र अर्थतन्त्रजस्ता विषयमा विश्वमा भइरहेका नवीनतम सुधार र प्रयासमा बृहत् छलफल हुनेछ । पहिलो दिन आधुनिक दासता र मानव बेचबिखन, नवीकरणीय ऊर्जा, नवप्रवर्तन र उद्यमशीलता, व्यावसायिक आचरण र सामाजिक उत्तरदायित्व, डिजिटल अर्थतन्त्र शीर्षकमा छलफल हुनेछ । यस्तै दोस्रो दिन विपद् जोखिम न्यूनीकरण र व्यावसायिक योजना, व्यवसाय र मानअधिकार, व्यवसायजन्य सुरक्षा र स्वास्थ्य तथा व्यवसाय मैत्री वातावरण विषयमा सामूहिक छलफल हुनेछ ।

# नारायणीमा फेरि चल्यो 'क्रुजसिप'

**नवलपुर (नवलपरासी)-** गत असारबाट नारायणी नदी किनारमा बन्द अवस्थामा रहेको नेपालकै पहिलो क्रुजसिप बिहीबारदेखि पुनः सञ्चालनमा आएको छ । मनसुन भित्रिएसँग नारायणी नदीमा आएको बाढीका कारण बन्द भएको क्रुजसिप बिहीबारदेखि नियमित सञ्चालनमा ल्याइएको राइनो वाटर इन्टरटेनमेन्ट प्रालिले जनाएको छ ।

प्रालिका कार्यकारी निर्देशक दीपक हुङ्गेलका अनुसार क्रुजसिप नियमित सञ्चालनमा आएसँगै दैनिक तीन 'सिफ्ट'मा यात्रुलाई सेवा प्रदान गरिएको छ । टिकट काटेपछि, एक व्यक्तिले क्रुजमा एक घण्टा यात्रा गर्न पाउने उल्लेख गर्दै उनले क्रुजभित्र नै रेष्टुरेन्टसहितको सुविधा भएको जानकारी दिए । 'दुई घण्टाको फरकमा क्रुजसिपबाट सेवा प्रदान गर्नेछौँ', उनले भने, 'क्रुजसिपबाट नियमित सञ्चालन गरिने सेवाका साथै 'इभेन्ट क्रुज' र 'डिनर क्रुज' पनि सञ्चालन गरिनेछ ।' सेवाग्राहीको मागअनुसार इभेन्ट क्रुजको सेवा प्रवाह गरिने जनाउँदै उनले यसमा विवाहको पार्टी, जन्मदिन, बैठक तथा सेमिनारलगायतका लागि प्याकेज राखिएको बताए ।

एकपटकमा एक सय ५० जनासम्मलाई 'क्रुजिङ'को सेवा प्रदान गर्न सकिने भन्दै उनले म्युजिक भिडियो सुटिङ, फिल्म सुटिङ, फोटोसहितका विभिन्न सेवा पनि क्रुजसिपबाट उपलब्ध गराइने




जानकारी दिए । डिनर क्रुज तथा इभेन्ट क्रुजमा सेवाग्रहीको मागअनुसार सेवा सुविधा उपलब्ध गराइने जनाउँदै उनले नियमित क्रुजमा भने रेष्टुरेन्टको सुविधा रहेकाले यात्रुहरुले बजारकै मूल्यमा खाजा तथा पेयपदार्थ पाउने बताए ।

क्रुजसिप सञ्चालक संस्था राइनो वाटर इन्टरटेनमेन्ट प्रालिका व्यवस्थापक विक्रम बस्यालले क्रुजले हिउँदे 'अफर' जारी गर्दै केही समयका लागि यात्रुलाई क्रुजिङको शुल्कसमेत घटाएको बताए । उनका अनुसार क्रुजमा यात्रा गर्नका लागि प्रतिव्यक्ति तीन सय ५० शुल्क निर्धारण गरिएको छ भने पाँचदेखि १० वर्षसम्मका बालबालिकाका लागि यो शुल्क दुई सय रुपैयाँ तोकिएको छ ।

'पाँच वर्षमुनिका बालबालिका तथा ७० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकलाई भने क्रुजसिपले आफ्नो नियमति क्रुजिङमा निःशुल्क सेवा उपलब्ध गराउनेछ', बस्यालले भने । नारायणी नदीमा १ माघ २०७९ देखि क्रुजसिप सञ्चालन हुन थालेको हो । क्रुजसिप सञ्चालक संस्थाका व्यवस्थापक बस्यालका अनुसार क्रुजसिप सञ्चालन भएकै वर्ष नेपालको पूर्वदेखि पश्चिमसम्मका यात्रुले सेवा लिएका छन् । गएको याममा प्रतिदिन सरदर एक सय ५० जनाले क्रुजसिपमा यात्रा गरेका थिए ।

दुई तला र एउटा तीन सय ६० डिग्री अवलोकन स्थल रहेको क्रुजको पहिलो तल्लामा कार्यक्रम गर्ने मन्चसहितको ६० जना क्षमता रहेको बस्यालले बताए । उनका अनुसार क्रुजको दोस्रो तल्लामा ८० जना क्षमता तथा तीन सय ६० डिग्री अवलोकन स्थलमा १० जना अटाउने क्षमता रहेको छ । क्रुजसिप सञ्चालनका लागि कम्पनीले पवित्र धार्मिकस्थल देवघाटबाट गोलाघाटसम्मको अनुमति पाएको भए पनि अहिले एकतर्फी एक किलोमिटर मात्रै सञ्चालन हुँदै आएको छ । नारायणी नदीमा बग्ने पानीले गरेको धार परिवर्तनका कारण तथा नदीजन्य पदार्थ उत्खनन्का लागि क्रुजसिपले आफ्नो पुरा क्षमतामा यात्रा गराउन नसकेको कार्यकारी निर्देशक हुंगेलले बताए ।

भरतपुर महानगरपालिका-१६ को काप्रेघाटमा स्टेशन रहेको क्रुजसिप सञ्चालनपछि, नवलपुर र चितवनको पर्यटन प्रवर्द्धन हुँदै आएको होटल व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष दिनेशकुमार चुकेले बताए । अहिले सन् २०२४ लाई भरतपुर भ्रमण वर्ष भनेर घोषणा गरिएको अवस्थामा पुनःसञ्चालनमा आएको क्रुजसिपले नवलपुरमा समेत पर्यटकलाई आकर्षण गर्न भूमिका खेल्ने उनको भनाइ छ । नारायणी नदीलाई एकै ठाउँबाट बग्ने वातावरण सिर्जना गरेर क्रुजसिपलाई देवघाटदेखि गोलाघाटसम्म नै सञ्चालन गराउने सकेमा नवलपुर, चितवन र तनहुँको धार्मिक तथा जल पर्यटनमा कायापलट हुने चुकेले बताए । *रासस*

# नेप्सेमा दोहोरो अंकको वृद्धि

**काठमाडौं (प्रस)-** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक साताको अन्तिम दिन बिहीबार दोहोरो अंकले उकालो लागेको छ । नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक ११ दशमलव ७३ अंकले उकालो लागेर एक हजार आठ सय ५२ दशमलव ७७ मा पुगेको छ ।




यस्तै, ठूला कम्पनीको सेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव ५८ अंकले उकालो लागेर तीन सय ५२ दशमलव २८ मा पुगेको छ । कूल ९५ लाख पाँच हजार छ सय आठ कित्ता सेयर रु दुई अर्ब ७९ करोड ९१ लाख ४६ हजार चार सय ३३ मूल्यमा खरिद बिक्री भएका छन् । नेप्सेका अनुसार कारोबारका आधारमा नेपाल पुनःबीमा कम्पनीको संस्थापक सेयर शीर्ष स्थानमा छ । सो कम्पनीको रु ८६ करोड ८३ लाख ७८ हजार एक सय बराबरको कारोबार भयो ।

सिटिजन लाइफ इन्स्योरेन्स रु नौ करोड ५४ लाख ६८ हजार सात सय ९६, सोनापुर मिनरल्स रु नौ करोड २७ लाख ६१ हजार तीन सय ६८, माउण्टेन इनर्जी रु आठ करोड ७६ हजार २८ हजार छ सय ४२ र ग्लोबल आइएमई बैंकको संस्थापक सेयर रु आठ करोड बराबरको सेयर कारोबार भई शीर्ष स्थानमा छ ।

त्रिशूली जलविद्युत् कम्पनीको सेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । समाज लघुवित्त नौ दशमलव ९७, सिवाइसी नेपाल लघुवित्त नौ दशमलव ९१, नवील ब्यालेन्स फण्ड दोस्रो नौ दशमलव ४८ र आशा लघुवित्तका लगानीकर्ताले सात दशमलव शून्य पाँच प्रतिशतले कमाएका छन् । यस्तै ग्लोबल आइएमई लघुवित्त सात दशमलव ८१, मन्दाकिनी हाइड्रोपावर पाँच दशमलव ४१, विजय लघुवित्त पाँच दशमलव १९, मेछ्यान हाइड्रोपावर दुई दशमलव ९२ र सिटिजन लाइफ इन्स्योरेन्सका लगानीकर्ताले दुई दशमलव ९० प्रतिशतले गुमाएका छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभात पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४२७२५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ